# न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना

(छिटो छरितो न्याय, सबैका लागि न्याय)

आ.व. २०७१/७२ – आ.व.२०७५/७६

# सारांश पुस्तिका

**सर्वोच्च अदालत, नेपाल**

**२०७१**

# भूमिका

न्यायिक सुधारका प्रयासहरुलाई योजनाबद्ध ढङ्गबाट अगाडि नबढाएसम्म न्याय सम्पादनको कार्यलाई छिटोछरितो, प्रभावकारी एवं कम खर्चिलो र सहज पहुँचयुक्त बनाउन सकिदैन भन्ने सोच र दृष्टिकोणका साथ न्यायपालिकामा योजनाबद्ध विकासको प्रयास भएको हो । यस क्रममा न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०६१/६२-२०६५/६६) सम्पन्न भई दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६/६२-२०७०/७१) को कार्यान्वयन अवधिसमेत भर्खरै सम्पन्न भएको छ । यसप्रकार न्यायपालिकाले योजनाबद्ध सुधारको १० वर्षको अवधि व्यतीत गरिसकेको छ । योजना कार्यान्वयनबाट प्राप्त उपलब्धिहरुको समीक्षासमेतका आधारमा योजनालाई निरन्तरता दिनुपर्ने आवश्यकता र सान्दर्भिकता महशुस गर्दै तर्जुमा भएको न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/७२-२०७५/७६) सर्वोच्च अदालतको मिति २०७१।३।३२ को पूर्ण बैठकबाट स्वीकृत भई मिति २०७१ साल श्रावण १ गतेदेखि लागूसमेत भैसकेको छ ।

न्यायपालिकामा योजनाको कार्यान्वयनबाट महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । मुद्दा फछ्र्यौटका लागि योजनाले निर्धारण गरेको नतिजापरिसूचक बमोजिम प्रगति हुन नसके पनि योजना लाागू हुँदाको तुलनामा मुद्दा फछ्र्यौटको औक्ससत दरमा वृद्धि भएको छ । पुराना मुद्दाहरुको फछ्र्यौटमा समेत वृद्धि भई बक्यौता न्युनीकरणतर्फ क्रमिकरुपमा सुधार हुँदै गइरहेको छ । फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरुलगायत दण्ड जरीवानाको असूली समेत विगतमा भन्दा बढेको छ । अदालत भवनहरुलगायत भौतिक पूर्वाधारहरुको विकास र सुधार भएको छ । न्याय सम्पादनको कार्यलाई सहयोग पुर्‍याउने गरी अन्य व्यवस्थापकीय सुधारहरुसमेत भएका छन् । जनशक्तिको क्षमता विकाससम्बन्धी कार्यक्रमहरुमार्फत मानव संसाधनको दक्षता अभिवृद्धि गरिएको छ । न्याय क्षेत्रका सरोकारवालाहरुसंगको सम्बन्ध र समन्वयमा अभिवृद्धि भएको छ । विभिन्न अध्ययन अनुसन्धानमार्फत न्यायपालिकाका समस्या र चुनौतिहरुको पहिचान हुनसकेको छ । प्रस्तुत सारांश पुस्तिकामा योजना कार्यान्वयनका उपलब्धि, समस्या र चूनौतिहरुलाई संक्षिप्तरुपमा प्रस्तुत गरिएको छ ।

त्यसैगरी, मूल योजनाको परिधिभित्र रही हरेक अदालतहरुले आ-आफ्नो अदालतको वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिआएका छन् । यसबाट न्यायिक जनशक्तिमा योजनाको तर्जुमा र कार्यान्वयनसम्बन्धी ज्ञान र सीपमा समेत क्रमशः वृद्धि हुँदै गएको छ । न्यायिक काम कारवाहीहरुलाई पनि योजनाबद्धरुपमा सञ्चालन गर्न सकिन्छ भन्ने कुराको सन्देश सञ्चारित हुनसक्नु आफैमा योजनाको महत्वपूण उपलब्धि हो । यद्यपि, योजना कार्यान्वयनमा समस्या, चूनौती र कठिनाइहरुसमेत रहेका छन् । ती समस्या र चुनौतीहरुलाई सम्बोधन गर्दै तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि न्यायपालिकामा कार्यरत न्यायाधीश, कर्मचारीलगायत सम्बन्धित सबैको प्रतिबद्धता र सहयोग आवश्यक छ ।

प्रस्तुत संक्षिप्त पुस्तिकामा तेस्रो पञ्चवर्षीय रणनीतिक योजना ( आ.व.२०७१/७२- २०७५/०७६) ले निर्धारण गरेका लक्ष्य, रणनीति तथा रणनीतिहरुको कार्यान्वयन योजना समावेश गरिएको छ । मूल योजनाको अधीनमा रही प्रत्येक अदालतहरुले आ-आफ्नो वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने र सम्बन्धित सरोकारवालाहरुको समेत योजना कार्यान्वयनमा भूमिका र सहयोग अपेक्षित रहेको सन्दर्भमा प्रस्तुत योजना अदालतका न्यायाधीश, कर्मचारी तथा अन्य सम्बद्ध पदाधिकारी, निकाय एवं व्यक्तिसम्म पुग्न सकोस् भन्ने उद्देश्यका साथ योजनाको सारांश पुस्तिका तयार गरिएको छ । यो पुस्तिकाले न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाबारे जानकारी प्राप्त गर्न सहज हुने भई योजना कार्यान्वयनमा अझ प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा राखिएको छ ।

सर्वोच्च अदालत

# विषयसूची


परिच्छेद-१

**प्रारम्भिक**

१.१ पृष्ठभूमि

१.२: योजना निर्माण प्रक्रिया

१.२.१: योजना तर्जुमा निर्देशक समिति तथा कार्य समूहको गठन

१.२.२: परामर्श तथा पृष्ठपोषण

१.२.३ योजना तर्जुमा कार्यसमूहबाट तेस्रो रणनीतिक योजनाको मस्यौदा तयारी

१.२.४ पूर्ण बैठकबाट पारित भई लागू गर्ने निर्णय

परिच्छेद-२

**दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको प्रगति समीक्षा**

२.१ पृष्ठभूमि

२.२ : मूल कार्यतर्फको प्रगति समीक्षा

२.३ : रणनीतिक उपायहरूतर्फको प्रगति समीक्षा

२.४: योजना कार्यान्वयनबाट प्राप्त उपलब्धिहरू

२.५: दोस्रो योजना कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू

परिच्छेद-३

**परिदृश्य, परिलक्ष्य र मूल्यहरू**

३.१: परिदृश्य

३.२: परिलक्ष्य

३.३: आधारभूत मूल्यहरू

परिच्छेद-४

**लक्ष्यहरूको निर्धारण र लक्ष्य प्राप्तिका रणनीतिहरू**

४.१: लक्ष्यहरूको निर्धारण

४.२: लक्ष्य प्राप्तिका रणनीतिहरू

४.२.१: मूल रणनीतिहरू

लक्ष्य १: न्यायसम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने

लक्ष्य २: न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने

लक्ष्य ३: न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने

लक्ष्य ४: न्यायपालिकाप्रति आस्था र विश्वास अभिवृद्धि गर्ने

४.२.२: सहयोगी (Supportive) रणनीतिहरू

## परिच्छेद-५

## रणनीतिहरूको कार्यान्वयन योजना

५.१: मूल रणनीतिहरूको कार्यान्वयन योजना

५.२: सहयोगी रणनीतिहरूको कार्यान्वयन योजना

## परिच्छेद-६

रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक बजेटको प्रक्षेपण

## परिच्छेद-७

## जोखिम न्यूनीकरणको योजना

योजना कार्यान्वयनमा रहेको जोखिम र जोखिम न्यूनीकरण योजना

परिच्छेद-१

# प्रारम्भिक

## १.१: पृष्ठभूमि

न्यायपालिकाको गरिमा यसलाई प्राप्त अख्तियारीमा मात्र आधारित नभई न्यायपालिकाप्रतिको आम जनताको आस्था र विश्वासमा निर्भर रहने विषय हो । न्यायपालिकाप्रति जनताको आस्था र विश्वास यसबाट प्रवाह हुने सेवाको गुणस्तरीयता, स्वच्छता, निष्पक्षता र प्रभावकारितामा आधारित हुन्छ । यस पृष्ठभूमिमा न्यायपालिकाबाट प्रवाह हुने सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाई सबैको आस्थाको धरोहरको रूपमा निरन्तर स्थापित गराइराख्नु न्यायपालिकाको निम्ति अहम् चुनौती रहेको छ । वर्तमान विश्व परिवेशमा नवीनतम् प्रविधिको बढ्दो प्रयोग, सामाजिक गतिशीलतासँगै परिवर्तित सामाजिक मूल्य र मान्यता एवं विश्वव्यापीकरणको प्रभावको कारणसँगै सिर्जित अवसर र चुनौतीका साथै आम जनसाधारणको बढ्दो अपेक्षालाई सम्बोधन गर्नुपर्ने अवस्था आवश्यकतासमेत थप पेचिलो बनेको छ । परिवर्तित समय सन्दर्भसँगै थपिएका यी चुनौतीहरूको सम्बोधनका लागि न्यायपालिकाले भिन्न कार्यशैली र प्रतिबद्धताका साथ वि सं २०६१ सालदेखि पञ्चवर्षीय रणनीतिक योजनाका माध्यमबाट योजनाबद्ध सुधार प्रकिया आरम्भ गरेको थियो । प्रस्तुत तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा पनि न्यायपालिकाले अवलम्बन गर्दै आएको योजनाबद्ध सुधार प्रक्रियाको निरन्तरताका रूपमा रहेको छ ।

## १.२: योजना निर्माण प्रक्रिया

### १.२.१: योजना तर्जुमा निर्देशक समिति तथा कार्य समूहको गठन

विगत योजनाहरूको तर्जुमा सन्दर्भमा जस्तै प्रस्तुत रणनीतिक योजना तर्जुमाका लागि सम्माननीय प्रधानन्यायाधीशज्यूको मिति २०७१।१२।०३ को निर्णयानुसार योजना तर्जुमा निर्देशक समिति र निर्देशक समितिको निर्देशनमा रही काम गर्ने गरी योजना तर्जुमा कार्य समूहको गठन गरिएको थियो । कार्य समूहलाई दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समीक्षा गरी योजना तर्जुमा निर्देशक समितिको निर्देशनसमेतका आधारमा आगामी तेस्रो रणनीतिक योजनाको अन्तिम मस्यौदा तयार गरी पेश गर्ने गरी तीन महिनाको कार्यावधि तोकिएको थियो । सो अवधिमा कार्य सम्पन्न हुन नसकेको आधारमा १५ दिनको समय थप भएको थियो ।

### १.२.२: परामर्श तथा पृष्ठपोषण

योजना तर्जुमाका क्रममा सर्वप्रथम दोस्रो योजनाको प्रगति स्थितिको समीक्षा गरी अपेक्षाकृत प्रगति हुन नसकेका क्षेत्रहरूमा रहेका समस्याहरूको पहिचान गरिएको छ । योजना कार्यान्वयनमा रहेका समस्याहरूको पहिचानपछि तेस्रो रणनीतिक योजना निर्माणका क्रममा विचार गर्नुपर्ने विषयहरू र सुधार योजनामा प्राथमिकता दिनुपर्ने क्षेत्रहरू निर्धारण गरी विभिन्न सरोकारवालाहरूसँग परामर्श गरिएको थियो । परामर्शका सिलसिलामा काठमाण्डौ उपत्यका भित्र १८ र उपत्यका बाहिर ७ वटा परामर्श कार्यक्रमहरू आयोजना गरिएका थिए । परामर्श कार्यक्रममा सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीशज्यू तथा माननीय न्यायाधीशज्यूहरू, माननीय कानून तथा न्याय मन्त्रीज्यू र न्याय परिषद्का माननीय सदस्यज्यूहरू एवं विभिन्न तहका न्यायाधीशहरू, अधिकृतहरू, सरकारी वकीलहरू, प्रहरी अधिकृतहरू, कानून व्यवसायीहरू, न्यायिक क्षेत्रसँग आवद्ध संचारकर्मीहरू, नागरिक समाजका प्रतिनिधिहरू एवं मुद्दाका पक्षहरू लगायतका जम्मा ५२४ जना सहभागी हुनुभएको थियो । यसैगरी परामर्श कार्यक्रममा सहभागी गराउन नसकिएका अन्य ४४६ जना न्यायाधीश र अधिकृतहरू लगायत अन्य सरोकारवालाहरूलाई इ-मेलमार्फत सुझावका लागि अनुरोध गरिएको थियो । यसका अतिरिक्त रणनीतिक योजनाको प्राविधिक पक्षमा केही योजनाविद्हरूसँग पनि परामर्श गरिएको थियो । योजना निर्माणको प्रत्येक चरणमा योजना तर्जुमा निर्देशक समितिसँग औपचारिक र अनौपचारिक बैठकहरू गरी निर्देशन र पृष्ठपोषण प्राप्त गरिएको थियो ।

### १.२.३ योजना तर्जुमा कार्यसमूहबाट तेस्रो रणनीतिक योजनाको मस्यौदा तयारी

योजना तर्जुमा निर्देशक समितिको प्रत्यक्ष निर्देशनमा रही योजना तर्जुमा कार्य समूहले संकलन गरेको आवश्यक तथ्य र तथ्याङ्क, तयार गरेको प्रारम्भिक मस्यौदाउपर सरोकारवालाहरूसमेतबीच भएको छलफल र अन्तरक्रिया तथा प्राप्त राय सुझावसमेतका आधारमा दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको समग्र स्थितिको मूल्याङ्कन, समस्या तथा चुनौतीहरूको पहिचान गरी योजनाको अन्तिम मस्यौदा तयार गरी २०७१।३।२५ मा निर्देशक समितिमा पेश गरेको । निर्देशक समितिबाट मस्यौदाउपर केही परिमार्जन गर्न आवश्यक निर्देशन भई सो अनुसार आवश्यक परिमार्जनसहित २०७१।३।३० मा निर्देशक समितिमार्फत न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (आ.व.२०७१/०७२- २०७५/०७६) को अन्तिम मस्यौदा प्रतिवेदन सम्माननीय प्रधानन्यायाधीशज्यू समक्ष पेश भएको थियो ।

### १.२.४ पूर्ण बैठकबाट पारित भई लागू गर्ने निर्णय

सम्माननीय प्रधानन्यायाधीशज्यूसमक्ष पेश भएको योजनाको मस्यौदा प्रतिवेदन सर्वोच्च अदालतको पूर्ण बैठकमा मिति २०७१।३।३२ मा निर्णयार्थ पेश भई पूर्ण बैठकबाट पारित भयो । साथै पारित प्रस्तुत न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना ( आ.व.२०७१/०७२- २०७५/०७६) मिति २०७१।४।१ बाट लागू गर्ने निर्णय भएको छ ।

परिच्छेद-२

# दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको प्रगति समीक्षा

## २.१ पृष्ठभूमि

न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना आ व २०६६/०६७ देखि लागू भई चालु आ व २०७०/०७१ मा समाप्त भइसकेको छ। दोस्रो योजनाको प्रगति मूल्याङ्कनलाई वस्तुनिष्ठ एवं तथ्याङ्कमा आधारित बनाउन प्रगति समीक्षा गर्दा विगत ४ वर्षको हकमा वर्षभरिको पूरा तथ्याङ्कलाई आधार बनाइएको छ र योजनाको अन्तिम आ. व. का हकमा चैत्र मसान्तसम्मको ९ महिनाको तथ्याङ्कलाई मात्र आधार बनाइएको छ । प्रगति समीक्षाका लागि उपलब्ध भएसम्म अदालतको वार्षिक प्रतिवेदनमा उल्लिखित तथ्याङ्कहरूलाई आधार बनाइएको छ। मुद्दाको अङ्ग पुऱ्याउने कार्यतर्फ चालु आ.व.को श्रावणदेखि चैत्रसम्मको तथ्याङ्कलाई मात्र आधार मानी सो सम्बन्धी प्रगति अवस्थाको विश्लेषण गरिएको छ।

मूल कार्यतर्फको प्रगति समीक्षा गर्दा योजनामा निर्धारित नतिजापरिसूचकहरूलाई आधार बनाइएको छ । मूल कार्यतर्फका कतिपय क्रियाकलापहरूका सम्बन्धमा दोस्रो योजनाको मध्यावधि मूल्याङ्कनपछिनतिजा परिसूचकमा परिवर्तन भएकोले त्यस्ता विषयहरूमा यथाशक्य योजना शुरू हुँदा र मध्यावधि मूल्याङ्कनपछि निर्धारित नतिजापरिसूचक दुबैलाई आधार बनाईएको छ । मूल कार्यतर्फ नै विभिन्न समूहका अदालतहरूका लागि समूहगत कार्यसम्पादन लक्ष्य निर्धारण गरिएकोमा प्रगति समीक्षा गर्दा समूहगत अदालतहरूमा मूल्याङ्कन अवधिमा कायम हुन आएको वास्तविक लगतसंख्या र वार्षिकरूपमा कायम हुन आएको कूल लगत दुबै आधारबाट प्रगति समीक्षा गरिएको छ।

रणनीतिक उपायहरू तर्फका क्रियाकलापहरूको कार्यान्वयन अवस्थाको समीक्षा गर्दा विभिन्न क्रियाकालापहरूको प्रगति स्थितिलाई तथ्याङ्कमा प्रस्तुत गर्न सकियोस् भन्ने उद्देश्यले सबै क्रियाकलापहरूलाई पूरा कार्य सम्पन्न भएको, कार्य प्रारम्भ भई अन्तिम चरणमा रहेको, कार्य प्रारम्भ भई आंशिक सम्पन्न भएको, कार्य प्रारम्भ मात्र भएको, कार्य प्रारम्भ नै नभएको गरी पाँच समूहमा वर्गीकरण गरी ती क्रियाकलापहरूको कार्यान्वयन अवस्थाका आधारमा अङ्कभार दिई औसत प्रगति अवस्था संख्यामा उल्लेख गरिएको छ।

## २.२: मूल कार्यतर्फको प्रगति समीक्षा

मूल कार्यतर्फ दोस्रो योजनामा न्याय निरुपणको कार्य, फैसला कार्यान्वयनको कार्य र सुपरीवेक्षण तथा अनुगमनको कार्य गरी तीनवटा कार्यहरू उल्लेख गरिएको हुँदा यी तीनवटा कार्यहरूको प्रगति स्थिति पनि छुट्टाछुट्टै देहायबमोजिम उल्लेख गरिएको छ :

### २.२.१ न्याय निरुपणको कार्यतर्फको प्रगति

- कानूनको संवैधानिकताको परीक्षणसँग सम्बन्धित विवादहरू १ वर्षभित्र फछ्र्यौट गर्नुपर्ने गरी नतिजापरिसूचक निर्धारण गरिएकोमा जम्मा ३९.१८ प्रतिशत यस्ता विवादहरू १ वर्षभित्र फछ्र्यौट हुन सकेको देखिएको छ ।
- योजना अवधिभरमा १ वर्ष नाघेका कानूनको संवैधानिकताको परीक्षणसँग सम्बन्धित विवादहरूको बक्यौता संख्या शून्यमा ल्याउने नतिजापरिसूचक निर्धारण गरिएकोमा ५६ थान निवेदनहरू १ वर्ष नाघेको अवस्थामा देखिन आई बक्यौता १८६ प्रतिशत बढ्न गएको पाइएको छ ।
- सबै रिट निवेदनहरू १८ महिनाभित्र फछ्र्यौट गर्नुपर्ने गरी नतिजापरिसूचक निर्धारण गरिएकोमा ७४.१५ प्रतिशत रिटहरू १८ महिनाभित्र फछ्र्यौट हुन सकेको देखिएको छ ।
- १८ महिना नाघेका रिट निवेदनहरूको बक्यौता संख्यालाई पुनरावेदन र जिल्ला अदालतमा शून्यमा ल्याउने र सर्वोच्च अदालतमा ५० प्रतिशतले न्यून गर्नुपर्ने गरी नतिजापरिसूचक निर्धारण गरिएकोमा पुनरावेदन अदालतमा ३.३७ र जिल्ला अदालतमा ८.७२ प्रतिशत रिट निवेदनहरू १८ महिना नाघेको अवस्थामा रहेको देखियो र सर्वोच्च अदालतमा ५७.९१ प्रतिशत रिट निवेदनहरू १८ महिना नाघेको अवस्थामा बक्यौता रहेको देखिन्छ ।
- शुरू तथा पुनरावेदकीय क्षेत्राधिकारअन्तर्गतका मुद्दाहरू २ वर्षभित्र फछ्र्यौट गर्नुपर्ने गरी नतिजापरिसूचक निर्धारण गरिएकोमा योजना अवधिमा ७९.७१ प्रतिशत मुद्दाहरू २ वर्षभित्र र १२.४९ प्रतिशत मुद्दाहरू २ वर्ष नाघेर फछ्र्यौट हुन सकेको देखिएको छ ।
- शुरू तथा पुनरावेदकीय क्षेत्राधिकारअन्तर्गतका २ वर्ष नाघेका मुद्दाहरूको बक्यौता संख्यालाई पुनरावेदन र जिल्ला अदालतमा शून्यमा ल्याउने र सर्वोच्च अदालतमा ५० प्रतिशतले न्यून गर्ने नतिजापरिसूचक तोकिएकोमा पुनरावेदन अदालतमा ३.३९ र जिल्ला अदालतमा ५.५१ प्रतिशत मुद्दाहरू २ वर्ष नाघेको

अवस्थामा बक्यौता रहेको देखिन आएको छ । सर्वोच्च अदालतमा ३८.६३ प्रतिशत मुद्दाहरू २ वर्ष नाघेको अवस्थामा बक्यौता रहेको पाइएको छ ।

- योजना अवधिभरमा सबै तहका अदालतहरूबाट समग्रमा वास्तविक लगतको ८०.२३ र वार्षिकरूपमा कायम हुन आएको लगतको ५०.९४ प्रतिशत मुद्दाहरू फछ्र्यौट हुन सकेको देखिएको छ ।
- विशेष अदालत तथा न्यायाधिकरणहरूमा कुनै पनि मुद्दाको फछ्र्यौटलाई २ वर्ष नाघ्न नदिने नतिजापरिसूचक निर्धारण गरिएकोमा ७८.४९ प्रतिशत मुद्दाहरू २ वर्षभित्र र २१.५१ प्रतिशत मुद्दाहरू २ वर्ष नाघेर फछ्र्यौट भएको देखिएको छ ।
- विशेष अदालत तथा न्यायाधिकरणहरूमा योजना अवधिको अन्तसम्ममा २ वर्ष नाघेका मुद्दाहरूको बक्यौता संख्यालाई ५० प्रतिशतले न्यून गर्ने नतिजापरिसूचक तोकिएकोमा बक्यौता ५४.२० प्रतिशतले वृद्धि भएको पाइएको छ ।

## वास्तविक लगतको आधारमा सबै अदालतहरूबाट भएको रिट तथा मुद्दा फछ्र्यौटको समग्र स्थिति

(२०६६ साउन १ गतेदेखि २०७० चैत्र मसान्तसम्म)

| अदालतको नाम | योजना लागू हुँदा सरिआएको जिम्मेवारी संख्या | योजना अवधिभरको नयाँ दर्ता संख्या | जम्मा लगत | फछ्र्यौट गर्नुपर्ने संख्या | लगतको तुलनामा फछ्र्यौट भएको | |
|---|---|---|---|---|---|---|
| | | | | | संख्या | प्रतिशत |
| जिल्ला अदालत | ३६७३१ | २६३१३२ | २९९८६३ | १८९३२६ | २४५३८७ | ८१.८३ |
| पुनरावेदन अदालत | १०४२१ | ८४६९७ | ९५११८ | ६४३६० | ८०४४० | ८४.५७ |
| सर्वोच्च अदालत | १०९७६ | ३४१४१ | ४५११७ | २२५५९ | २७२४७ | ६०.३९ |
| जम्मा | ५८१२८ | ३८१९७० | ४४००९८ | २७६२८१ | ३५३०७४ | ८०.२३ |

## वार्षिकरूपमा कायम हुन आएको लगतको आधारमा सबै अदालतहरूबाट भएको रिट तथा मुद्दा फछ्र्यौटको समग्र स्थिति

(२०६६ साउन १ गतेदेखि २०७० चैत्र मसान्तसम्म)

| अदालतको नाम | जम्मा लगत | फछ्र्यौट गर्नुपर्ने संख्या | लगतको तुलनामा फछ्र्यौट भएको | | लक्ष्यको तुलनामा फछ्र्यौट घटी वा बढी | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जिल्ला अदालत | ४६१०६९ | २९०३२७ | २४५३८७ | ५३.२२ | ४४९४० घटी | १५.४८ घटी |
| पुनरावेदन अदालत | १३८४५१ | ९११०१ | ८०४४० | ५८.१० | १०६६१ घटी | ११.७० घटी |
| सर्वोच्च अदालत | ९३६३६ | ४६८१८ | २७२४७ | २९.०९ | १९५७१ घटी | ४१.८० घटी |
| जम्मा | ६९३१५६ | ४२८२४६ | ३५३०७४ | ५०.९४ | ७५१७२ घटी | १७.५५ घटी |

## २.२.२ मुद्दाको अङ्ग पुऱ्याउने कार्यको प्रगति

योजनाको मध्यावधि मूल्याङ्कनबाट मुद्दाको कार्यविधिगत प्रक्रिया पूरागर्ने कार्यलाई समेत योजनाको परिधिभित्र ल्याई योजनाले निर्धारण गरेको मुद्दा फछ्र्यौटको समग्र लक्ष्य हासिल गर्न सबै मुद्दाहरूको ६ महिनाभित्र अङ्ग पुऱ्याउने अर्थात् मुद्दा फैसला गर्न मिल्ने अवस्थामा पुऱ्याउने गरी नतिजापरिसूचक तोकिएको थियो । २०७० श्रावणदेखि २०७० चैत सम्मको मात्र यससम्बन्धी उपलब्ध तथ्याङ्कबाट तीनवटै तहका अदालतमा रहेका जम्मा १,४३,६७७ मुद्दाहरूमध्ये ४५,७९३ अर्थात् ३१.८७ प्रतिशतमा मात्र ६ महिनाभित्र र ६१,२०२ अर्थात् ४२.६० प्रतिशत मुद्दा ६ महिना नाघेर अङ्ग पुगेको देखिएको छ । अदालतगतरूपमा हेर्दा जिल्ला अदालतमा ३३.५७, पुनरावेदन अदालतमा ३७.६७ र सर्वोच्च अदालतमा १६.९ प्रतिशत मुद्दाहरू ६ महिनाभित्र अङ्ग पुऱ्याउन सकेको देखिएको छ ।

## २.२.३ फैसला कार्यान्वयन गर्ने कार्यतर्फको प्रगति

- दुनियावादी मुद्दाहरूको फैसला कार्यान्वयनका लागि परेका निवेदनहरूको फछ्र्यौटका लागि १ वर्ष नाघ्न नदिने नतिजा परिसूचक निर्धारण गरिएकोमा ५४.७६ प्रतिशत निवेदनहरू १ वर्षभित्र र ३७.४५ प्रतिशत निवेदनहरू १ वर्ष नाघेर फछ्र्यौट भएको देखिएको छ ।
- १ वर्ष नाघेका फैसला कार्यान्वयनका निवेदनहरूको बक्यौता संख्या ५० प्रतिशतले न्यून गर्ने नतिजा परिसूचक तोकिएकोमा ४५.२५ प्रतिशतले बक्यौता न्यून हुन सकेको पाइएको छ ।

- दण्डजरीवाना असूलीतर्फ प्रत्येक वर्ष कम्तीमा सोवर्ष बढ्न सक्ने दण्डजरीवानाको लगत बराबर असूल गर्ने नतिजा परिसूचक निर्धारण गरिएकोमा कैदतर्फ नयाँ लगत १,२३,५९४ वर्ष कायम हुन आएकोमा जम्मा १,०२,३६१ वर्षमात्र असूल हुन सकेको तथा जरीवानातर्फ नयाँ लगत रु ७,९३,१३,७१,५५८।- कायम हुन आएकोमा जम्मा रु ३,६३,९९,४३,७१६।- मात्र असूल हुन सकेको देखिएको छ ।
- बेरुजू दण्ड जरीवानाको लगत योजना अवधिभरमा १० प्रतिशतले न्यून गर्ने नतिजापरिसूचक तोकिएकोमा कैदको बक्यौता २६.१९ र जरीवानातर्फको बक्यौता १०२.७१ प्रतिशतले वृद्धि भएको पाइएको छ ।

## २.२.४ सुपरिवेक्षण तथा अनुगमनको कार्यतर्फको प्रगति

- अदालतका चालु मिसिलहरू कम्तीमा वर्षको २ पटक आन्तरिक निरीक्षण गर्ने नतिजापरिसूचक निर्धारण गरिएकोमा योजनाअवधिमा ३३.४७ मिसिलहरू १ पटक र २३.५५ प्रतिशत मिसिलहरू २ पटक निरीक्षण भएको देखियो ।
- प्रत्येक वर्ष कम्तीमा १ पटक मातहत अदालत, न्यायाधिकरण, अर्धन्यायिक निकाय तथा कारागारहरूको निरीक्षण गर्ने नतिजापरिसूचक तोकिएकोमा ८४.४८ प्रतिशत निकायहरूको निरीक्षण हुन सकेको पाइयो ।

# २.३ : रणनीतिक उपायहरूतर्फको प्रगति समीक्षा

न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनामा निर्धारित परिदृश्य, परिलक्ष्य तथा मूल कार्यतर्फको लक्ष्य प्राप्तिका लागि १२ वटा रणनीतिक उपायहरूको प्रक्षेपण गरिएको थियो । योजनाको मध्यावधि मूल्याङ्कन भन्दा अगाडि ती रणनीतिक उपायहरू अन्तर्गत ४६ वटा मुख्य कार्य तथा योजना अवधिभरमा सम्पन्न गर्ने गरी २७३ वटा क्रियाकलापहरूको निर्धारण गरिएको थियो । योजनाको मध्यावधि मूल्याङ्कन पछि उल्लिखित रणनीतिक उपायहरूलाई योजनाको मूल कार्यतर्फ लिइएका लक्ष्यहरूसँग रहेको सम्बन्धका आधारमा मूल रणनीतिक उपाय तथा विशेष रणनीतिक उपायको रूपमा विभाजन गरिएको थियो । त्यसैगरी, मध्यावधि मूल्याङ्कनको अवस्थामा आइपुग्दा रणनीतिक क्रियाकलापहरूको कार्यान्वयनको अवस्था, योजनाको बाँकी अवधिमा कार्यान्वयनको सम्भाव्यता र सान्दर्भिकता समेतका आधारमा रणनीतिक उपायहरू अन्तर्गत रहेका मुख्य कार्य तथा क्रियाकलापहरूमा समेत आवश्यक परिमार्जन गरिएको थियो । कतिपय सम्पन्न भैसकेका क्रियाकलापहरू समेत तिनलाई निरन्तरता दिनुपर्ने आवश्यकताको आधारमा निरन्तरता दिइएको, कतिपय क्रियाकलापहरूको प्रगति अवस्थाका आधारमा सोपछि सम्पादन गर्नुपर्ने कार्यलाई उल्लेख गरिएको र कतिपय क्रियाकलापहरूको कार्य प्रगति

नभए तापनि निरन्तरता दिनुपर्ने औचित्य र सान्दर्भिकता नरहेको आधारमा हटाइएको थियो । मध्यावधि मूल्याङ्कनपछि योजनामा प्रक्षेपण गरिएका रणनीतिक उपायहरू, मुख्यकार्यहरू तथा क्रियाकलापहरूलाई देहायकोतालिकामा देखाइएको छ :

**रणनीतिक उपायहरू तथा ती उपायहरू अन्तर्गतका मुख्य कार्य एवं क्रियाकलापहरूको विवरण**

| क्र.सं. | रणनीतिक उपायहरू | मुख्य कार्यहरूको संख्या | क्रियाकलापहरूको संख्या |
|---|---|---|---|
| **मूल रणनीतिक उपायहरू** | | | |
| १ | न्याय निरुपण कार्यलाई प्रभावकारी बनाउन मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्ने | ७ | ३० |
| २ | फैसला कार्यान्वयनलाई सरल, छिटो, छरितो र प्रभावकारी बनाउने | ४ | १७ |
| ३ | निरीक्षण एवं सुपरिवेक्षण प्रणालीको सुदृढीकरण गर्ने | ३ | १० |
| **विशेष रणनीतिक उपायहरू** | | | |
| १ | मानव संसाधन विकास गर्ने | ४ | २१ |
| २ | अदालतको लागि पूर्वाधार विकास र स्रोत साधनको व्यवस्थापन गर्ने | ४ | २६ |
| ३ | सूचना र सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्ने | २ | २१ |
| ४ | सुरक्षा व्यवस्थामा सुधार गर्ने | २ | ७ |
| ५ | न्यायिक स्वतन्त्रता, जवाफदेहिता र स्वायत्तताका मूल्यहरूको जगेर्ना गर्ने | ४ | २० |
| ६ | न्याय सम्पादन, न्याय प्रणाली र न्यायिक सुधारसम्बन्धी अध्ययन अनुसन्धानलाई संस्थागत गर्ने | ३ | २४ |
| ७ | न्याय क्षेत्रका सरोकारवालाहरूसँगको सस्थागत र कार्यमूलक सम्बन्धलाई सुदृढ बनाउने | ३ | १३ |
| ८ | न्यायमा सहज पहुँच बढाउने र अदालतप्रतिको जनआस्था अभिवृद्धि गर्ने | ५ | ३० |
| ९ | अदालत तथा न्यायाधिकरणहरूको योजना तर्जुमा र कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने | ५ | १६ |
| **जम्मा** | | **४६** | **२३५** |

योजनामा निर्धारित क्रियाकलापहरूलाई कार्यसम्पादन सूचकका आधारमा कार्य सम्पन्न भएको, कार्यप्रारम्भ नै नभएको, कार्य प्रारम्भ मात्र भएको, आंशिक कार्य प्रगति भएको र कार्य अन्तिम चरणमा रहेको गरी पाँच समूहमा विभाजन गरी प्रत्येक रणनीतिक उपायअन्तर्गतका क्रियाकलापहरूको कार्यान्वयनको अवस्थालाई सोहीअनुरूप प्रस्तुत गरिएको छ । विभिन्न रणनीतिक उपायहरू अन्तर्गत निर्धारित क्रियाकलापहरूको

उल्लिखित मूल्याङ्कनका आधारमा देखिएको कार्यान्वयनको अवस्थालाई संख्यात्मकरूपमा देहायको तालिकामा देखाइएको छ :

## रणनीतिक उपायहरू अन्तर्गतका क्रियाकलापहरूको कार्यसम्पादन स्थिति

| क्र.सं | रणनीतिक उपाय | कार्य सम्पन्न भएका क्रियाकलाप | कार्य प्रारम्भ मात्र भएका क्रियाकलाप | आंशिक कार्य प्रगति भएका क्रियाकलाप | कार्य अन्तिम चरणमा रहेका क्रियाकलाप | कार्य प्रारम्भ नभएका क्रियाकलापहरू | जम्मा क्रियाकलापहरूको संख्या |
|---|---|---|---|---|---|---|---|
| **मूल रणनीतिक उपायहरू** | | | | | | | |
| १ | न्याय निरुपण कार्यलाई प्रभावकारी बनाउन मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्ने | ४ | १ | १३ | ७ | ५ | ३० |
| २ | फैसला कार्यान्वयनलाई सरल, छिटो, छरितो र प्रभावकारी बनाउने | ६ | १ | ४ | ५ | १ | १७ |
| ३ | निरीक्षण एवं सुपरिवेक्षण प्रणालीको सुदृढीकरण गर्ने | ४ | ३ | २ | १ | ० | १० |
| **विशेष रणनीतिक उपायहरू** | | | | | | | |
| १ | मानव संसाधन विकास गर्ने | ७ | १ | ५ | ३ | ५ | २१ |
| २ | अदालतको लागि पूर्वाधार विकास र स्रोत साधनको व्यवस्थापन गर्ने | ११ | १ | ११ | २ | १ | २६ |
| ३ | सूचना र सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्ने | ६ | ० | ३ | ९ | ३ | २१ |
| ४ | सुरक्षा व्यवस्थामा सुधार गर्ने | ५ | ० | २ | ० | ० | ७ |
| ५ | न्यायिक स्वतन्त्रता, जवाफदेहिता र स्वायत्तताका मूल्यहरूको जगेर्ना गर्ने | ८ | २ | ५ | १ | ४ | २० |
| ६ | न्याय सम्पादन, न्याय प्रणाली र | १२ | २ | ३ | २ | ५ | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | न्यायिक सुधारसम्बन्धी अध्ययन अनुसन्धानलाई संस्थागत गर्ने | | | | | | |
| ७ | न्याय क्षेत्रका सरोकारवालाहरूसँगको सस्थागत र कार्यमूलक सम्बन्धलाई सुदृढ बनाउने | १० | ० | २ | ० | १ | **१३** |
| ८ | न्यायमा सहज पहुँच बढाउने र अदालतप्रतिको जनआस्था अभिवृद्धि गर्ने | ८ | २ | ११ | ६ | ३ | **३०** |
| ९ | अदालत तथा न्यायाधिकरणहरूको योजना तर्जुमा र कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने | ५ | ४ | ४ | ० | ३ | **१६** |
| **जम्मा** | | **८६** | **१७** | **६५** | **३६** | **३१** | **२३५** |

**रणनीतिक उपायहरूको औसत प्रगति तालिका**

| समूहगत विवरण | सम्पादित कार्यहरूको संख्या | सम्पादित कार्यलाई दिइएको भार | मध्यक | वास्तविक कार्यसम्पादन प्रतिशत | औसत कार्य सम्पादन प्रतिशत |
|---|---|---|---|---|---|
| कार्यसम्पन्न भएको | ८६ | ५ | ४३० | ३६.६० | ६२.२४ |
| कार्य अन्तिम चरणमा रहेको | ३६ | ४ | १४४ | १५.२५ | |
| आंशिक कार्य प्रगति भएको | ६५ | ३ | १९५ | २७.४३ | |
| कार्य प्रारम्भ मात्र भएको | १७ | २ | ३४ | ७.१४ | |
| कार्य प्रारम्भ नै नभएको | ३१ | १ | ३१ | १२.९८ | |
| **जम्मा** | **२३५** | | **८३४** | **१००** | |

## २.४: योजना कार्यान्वयनबाट प्राप्त उपलब्धिहरू

- विगत दश वर्षदेखि नेपालको न्यायपालिकामा रणनीतिक योजनाको निर्माण र कार्यान्वयनलाई निरन्तरता दिइएको छ र अब न्यायपालिकामा रणनीतिक योजना तर्जुमा हुनुपर्छ कि पर्दैन भन्ने बहस समाप्त भई यसको आवश्यकताका बारेमा साझा धारणा बनिसकेको अवस्था छ । न्यायपालिकामा रणनीतिक योजनाको आवश्यकताप्रति यसप्रकारको साझा धारणा बन्नु स्वयंमा एउटा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।
- रणनीतिक योजना कार्यान्वयनपछि न्यायपालिकामा कार्यसंस्कृतिमा परिवर्तन आएको छ । योजनाको तर्जुमा र कार्यान्वयनका क्रममा विभिन्न समुदायसम्म पुगेर यसप्रतिको आम नागरिकको अपेक्षा बुझ्ने, जनसाधारणको अपेक्षाहरूलाई केन्द्रमा राखेर सुधारका क्षेत्रहरूको प्राथमिकता निर्धारण गर्ने एवं निर्धारित प्राथमिकताप्रति जवाफदेहिता वहन गर्ने कार्यसंस्कृतिको निर्माण हुन गएको छ ।

- न्यायपालिकामा प्रथम रणनीतिक योजना लागू हुनु तत्कालअघि अर्थात् आ व २०६०/६१ मा सबै तहका अदालतहरूबाट गरी वार्षिकरूपमा जम्मा ५४,६४४ थान मुद्दा फछ्र्यौट भएकोमा आ व २०६९/७० मा आउँदा वार्षिक ७७,७३९ थान मुद्दा फछ्र्यौट हुन सकेको छ । वार्षिक झण्डै ४२ प्रतिशत बढी मुद्दा फछ्र्यौट हुने स्थितिमा पुगेको अवस्था स्वयंमा एउटा ठूलो उपलब्धि हो । नतिजा परिसूचकबमोजिमको प्रगति हासिल हुन नसक्नुमा नयाँ मुद्दा दर्ता हुने प्रवृत्तिमा भएको अत्यधिक वृद्धि देखिएको छ । नयाँ दर्ता हुने मुद्दाको वृद्धिका बाबजुद निर्धारित लक्ष्यलाई नै आधार मान्दा पनि जिल्ला अदालतहरूले ८४.५२, पुनरावेदन अदालतहरूले ८८.३ र सर्वोच्च अदालतले ५८.२ प्रतिशत प्रगति हासिल गरेको देखिएको छ ।
- आ व २०६०/६१ को अन्तमा २ वर्ष नाघेका पुराना मुद्दाहरूको संख्या ११,८४७ थान रहेकोमा आ व २०६९/७० को अन्तमा ७,२१३ थानमा कायम हुन आएको देखिएको छ । हाल कायम ७,२१३ को संख्यालाई नै आधार मान्ने हो भने पनि योजना लागू हुँदाको तुलनामा २ वर्ष पुराना मुद्दाहरूको संख्या ३९.११ प्रतिशतले घटेको अवस्था देखिएको छ ।
- आ व २०६९/७० को तथ्याङ्कलाई आधार मान्दा ३८ वटा जिल्ला अदालतहरू र ७ वटा पुनरावेदन अदालतहरूले २ वर्ष पुराना मुद्दाहरूको संख्यालाई शून्य (०) मा ल्याइसकेका छन् । १० वटा जिल्ला अदालतहरूले १ वर्ष भन्दा पुराना मुद्दा पनि शून्यमा ल्याइसकेको देखिएको छ ।
- योजना कार्यान्वयनपछि प्रतिन्यायाधीश मुद्दा फछ्र्यौटको औसतमा समेत क्रमशः वृद्धि भएको देखिएको छ । आ व २०६०/६१ मा प्रतिन्यायाधीश औसत मुद्दा फछ्र्यौट सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतमा क्रमशः ३२४, १५१ र २८६ रहेकोमा (दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन प्रतिवेदन, २०६९ पृ ५९) आ व २०६९/७० मा आइपुग्दा यो संख्या क्रमशः ३५१, २२३ र ४८१ पुगेको छ ।
- फैसला कार्यान्वयन गर्ने कार्यतर्फ आ व २०६०/६१ मा देवानी मुद्दाका फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरू ६,६२३ को संख्यामा फछ्र्यौट भएकोमा आ व २०६९/७० मा ८,४५९ फछ्र्यौट हुन सकेको देखिएको छ । आ व २०६०/६१ मा १ वर्ष नाघेका फैसला कार्यान्वयनका निवेदनहरूको संख्या १,९६० रहेकोमा आ व २०६९/७० मा यस्ता निवेदनहरूको संख्या जम्मा ७८६ कायम हुन आएको देखिएको छ ।

- कैद असूलीतर्फ आ व २०६०/६१ मा जम्मा ९,२७५ वर्ष कैद असूल गरिएकोमा आ व २०६९/७० मा वार्षिक २७,००३ वर्ष अर्थात्, झण्डै तीनगुणा बढी कैद असूल गर्न सकिएको अवस्था छ । त्यसैगरी, जरीवाना असूलीतर्फ आ व २०६०/६१ मा जम्मा रु ११,७०,७०,३२३।- असूल गरेको देखिएकोमा आ व २०६९/७० मा आइपुग्दा रु १,३०,५१,१६,२५५।- अर्थात् झण्डै बाह्र गुणा बढी जरीवाना असूल हुन सकेको अवस्था देखिएको छ । फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउन संस्थागत सुधारका लागि छुट्टै फैसला कार्यान्वयन निर्देशनालयको स्थापना भएको छ । फैसला कार्यान्वयन निर्देशनालयबाट कार्यान्वयन हुन बाँकी लगतहरूको केन्द्रीय अभिलेख तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । विभिन्न तहका न्याय क्षेत्र समन्वय समितिहरू मार्फत फैसला कार्यान्वयनको कार्यलाई अझ बढी प्रभावकारी बनाउन विभिन्न सरोकारवाला निकायहरूबीचको समन्वयमा जोड दिइएको छ ।
- अनुगमन एवं निरीक्षणतर्फ आ व २०६०/६१ मा जम्मा १० वटा जिल्ला अदालत र अन्तर्गतका अर्धन्यायिक निकायहरूको निरीक्षण भएको देखिएकोमा आ व २०६९/७० मा ७४ जिल्ला अदालतहरू र ६२ जिल्लाका अर्धन्यायिक निकायहरूको निरीक्षण हुन सकेको अवस्था छ ।
- न्यायपालिकामा रणनीतिक योजना लागू भएपछि जिल्ला अदालत नियमावलीमा मिति २०६७।४।३ मा भएको आठौं संशोधनले ल्याएको मुद्दाहरूमा द्रुत कारवाही प्रक्रिया अवलम्बन गरी छिटो छरितो न्याय प्रदान गर्ने उद्देश्यले लगातार कारवाही र सुनुवाइ पद्धतिको व्यवस्था र सोको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको मिति २०७०।९।२१ को निर्णयानुसार सहकार्य र समन्वयका लागि सबै सम्बन्धित निकायहरूलाई अनुरोध भई लगातार सुनुवाइ प्रणालीको प्रभावकारी कार्यान्वयनको प्रयास भैरहेको छ । त्यसैगरी ७ वटा जिल्ला अदालतहरूमा समयतालिका पद्धतिलाई नमूनाको रूपमा अगाडि बढाइएको छ ।
- भौतिक पूर्वाधार विकास र सुधारतर्फ महत्वपूर्ण उपलब्धिहरू हाँसिल भएका छन् । प्रथम योजना लागू हुनुभन्दा तत्कालअघि अर्थात् आ व २०६०/६१ को अन्तसम्ममा जम्मा १३ वटा पुनरावेदन अदालतहरू र ५८ वटा जिल्ला अदालतहरू मात्र आफ्नै भवनमा सञ्चालित रहेकोमा आ व २०६९/७० अन्तमा आइपुग्दा सबै पुनरावेदन अदालतहरू र ६९ जिल्ला अदालतहरू आफ्नै भवनमा रहेको देखिएको छ । आ व २०६०/६१ मा सबै अदालतहरूका गरी जम्मा ७८ वटा भवनहरू रहेकोमा आ व २०६९/७० को अन्त आइपुग्दा

जम्मा १०२ वटा अदालत भवनहरू रहेको अवस्था छ । त्यसैगरी १० वटा अदालत भवनहरू निर्माणाधीन अवस्थामा रहेका छन् ।

- रणनीतिक योजना लागू हुँदा केही अदालतहरूको आफ्नो जग्गासमेत नभएकोमा हाल सबै अदालतहरूसँग आफ्नै जग्गा रहेको छ । सर्वोच्च अदालतका लागि पनि हाल सर्वोच्च अदालत रहेको स्थानको पछाडिपट्टिको जग्गा समेतको थप ३० रोपनी जग्गा प्राप्त भएको अवस्था छ ।
- दोस्रो योजना अवधिमा मात्र १५ वटा नयाँ अदालत भवनहरूको निर्माण भएको, १० वटा एनेक्स भवनहरू थपिएको, एउटा आवास निर्माण भएको, गार्डघर लगायत अन्य ७७ वटा निर्माण कार्यहरू सम्पन्न भएको अवस्था छ ।
- भौतिक स्रोतसाधनहरूमध्ये सवारी साधनतर्फ आ व २०६०/६१ मा स्टाफ बस एउटा पनि नभएको अवस्थाबाट आ.व. २०६९।०७० को अन्तमा आइपुग्दा ५ वटा स्टाफ बस सञ्चालनमा रहेको अवस्था छ ।
- आ व २०६०/६१ मा सबै तहका अदालतहरूमा गरी कारहरूको संख्या जम्मा ६२ रहेकोमा आ.व. २०६९।०७० को अन्तमा आइपुग्दा कारहरूको संख्या ३९२ पुगेको अवस्था छ ।
- आ व २०६०/६१ मा सबै तहका अदालतहरू गरी जीपहरूको संख्या ५४ रहेकोमा आ.व. ०६९।७० को अन्तमा आइपुग्दा सो संख्या १०९ पुगेको र मोटरसाइकलहरूको संख्या ३२ रहेकोमा १७४ वटा पुगेको अवस्था छ । म्याद तामेलीमा खट्ने ७ जिल्लाका तामेलदारले प्रयोग गर्ने गरी मोटरसाइकल उपलब्ध गराइएको छ ।
- रणनीतिक योजना लागू हुनुभन्दापहिले पुनरावेदन अदालतहरूमा ३ जना न्यायाधीशहरूका लागि एउटा सवारी साधन उपलब्ध हुने गरेको अवस्थाबाट हाल जिल्ला एवं पुनरावेदन अदालतका सबै न्यायाधीश-हरूका लागि छुट्टाछुट्टै सवारी साधन उपलब्ध हुन सकेको छ ।
- आ व २०६०/६१ मा न्यायपालिकासँग जम्मा कम्प्युटरको संख्या १२२ रहेकोमा हाल सो संख्या १८८२ पुगेको फोटोकपि मेशिन ९१ रहेकोमा हाल १८२ पुगेको र प्रिन्टर ५६२, फ्याक्स मेशिन १४९, जनेरेटर ६३ तथा १५ वटा सोलार उपलब्ध रहेका छन् ।
- अदालतको मुद्दाहरूको कार्यबोझ आ व २०६०/६१ को तुलनामा करिब दोब्बरले वृद्धि भएको देखिएको छ । गत आर्थिक वर्षमा पुनरावेदन र जिल्ला अदालतको न्यायाधीशको दरबन्दीमा ६१ (जिल्ला अदालतमा ४६ र पुनरावेदन अदालतमा १५) थप भएको छ । न्यायाधीशहरूको थप दरबन्दीको अनुपातमा

कर्मचारीहरूको दरबन्दी थप हुन सकेको छैन । आ व २०६०/६१ मा न्यायपालिकाको कुल जनशक्ति ४,३५६ रहेकोमा आ व २०६९/७० मा जम्मा ४,३३९ रहेको देखिएको छ । उल्लिखित अवधिपछि केही दरबन्दी थप भई २०७० चैत्रसम्ममा जम्मा ४,७६८ पुगेको छ । कार्यबोझ बढेको तुलनामा जनशक्तिमा रहेको कमीको बाबजुद मुद्दाको फछ्र्यौट भने बढेको छ ।

- क्षमता विकासका दृष्टिले पनि योजना लागू हुनुअघिको वर्षको तुलनामा पछिल्लो अवधिमा क्रमशः तालिमका अवसरहरू बढेका छन् । वैदेशिक अध्ययन र भ्रमणका अवसरहरू समेत बढेको पाइएको छ । दोस्रो योजना अवधिमा मात्र कुल ४६२ जना न्यायाधीश र कर्मचारीहरू वैदेशिक भ्रमणको अवसरबाट लाभान्वित भएको देखिएको छ ।
- अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनलगायत अदालतको सुरक्षा व्यवस्थाका लागि नेपाल सरकारबाट गत वर्षमात्र १,७१४ जना सुरक्षकर्मीहरूको दरवन्दी स्वीकृत भएको छ ।
- प्रथम योजना लागूहुनु तत्कालअघि अर्थात् आ व २०६०/६१ मा न्यायपालिकाका लागि जम्मा बजेट रु ५६,१४,७५,५८०।९८ विनियोजन भएको देखिएकोमा आ व २०७०/७१ मा आइपुग्दा रु ३,२०,८३,४५,०००।- विनियोजन (सर्वोच्च अदालत लेखाशाखाबाट प्राप्त विवरण अनुसार) भएको देखिएको छ । यस हिसाबले न्यायपालिकाको कुल बजेटमा आ वा २०६०/६१ को तुलनामा रु २,६४,६८,६९,४१९।- (अर्थात् ४७१.४१ प्रतिशत) ले वृद्धि हुन गएको अवस्था छ ।
- आ व २०७०।७१ को नेपाल सरकारको बजेट वक्तव्यमा न्यायपालिकालाई विनियोजन गर्ने बजेट क्रमशः वृद्धि गर्दै कुल राष्ट्रिय बजेटको एक प्रतिशतसम्म पुऱ्याउने नीति लिइनेछ भन्ने उल्लेख भएको छ (प्रकरण ३३४) ।
- नेपालको न्यायपालिकाले २०६१ सालदेखि नै रणनीतिक योजना निर्माण गरी आफ्नो सुधार प्रकियालाई व्यवस्थितरूपमा अगाडि बढाउन गरेको प्रयासका कारण नै राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको तेह्रौं योजनाको आधारपत्रको परिच्छेद-६ मा न्यायपालिकाको रणनीतिक योजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गरिने कुराले स्थान पाउन सफल भएको अवस्था छ । त्यस्तै माननीय अर्थ मन्त्रीबाट संसदमा प्रस्तुत आ व २०७१/०७२ को बजेट वक्तव्यमा पनि न्यायपालिकाको रणनीतिक योजना कार्यान्वयनमा सहयोग गरिने कुरा आएको छ । यसर्थ सरकारले न्यायपालिकाको योजना कार्यान्वयनमा सहयोगी भूमिका खेल्ने स्पष्ट दिशा तय भएको छ ।

- आ व २०६९/७० को फागुनदेखि अदालतको स्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरूका लागि नेपाल सरकारबाट ५० प्रतिशत कार्यसम्पादनमा आधारित भत्ता पनि उपलब्ध हुँदै आएको छ ।
- रणनीतिक योजना प्रारम्भ भएपछि अदालत व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगले प्रवेश पाएको छ । मुद्दा व्यवस्थापनका विविध पक्षहरूलाई समेटेर आवश्यक सफ्टवेयरहरू निर्माण भई सञ्चालनमा आएका छन् ।
- रणनीतिक योजनामा उल्लेख भएबमोजिम अदालतभित्रै मेलमिलापको प्रक्रियाद्वारा विवाद समाधान गर्ने पद्दतिलाई अदालतसम्बन्धी नियमावलीहरूमा व्यवस्थित गरिएको छ । सबै तहका अदालतहरूमा मेलमिलाप केन्द्रहरू स्थापना हुन सकेका छन् । २,२३० जना मेलमिलापकर्ताहरू विभिन्न तहका अदालतको मेलमेलमिलापकर्ताको सूचीमा सूचिकृत समेत भएका छन् । अदालतमा स्थापित मेलमिलाप केन्द्रहरूमा १७,४३१ थान मुद्दाहरू पठाइएकोमा जम्मा ३,१४१ थान मुद्दाहरू मेलमिलापको प्रक्रियाद्वारा समाधान हुन सकेको देखिएको छ ।
- दोस्रो योजना अवधिमा मात्र सबै तहका न्याय क्षेत्र समन्वय समितिहरूको बैठक जम्मा ६६८ पटक बसेको तथ्याङ्क छ । मिति २०७०।९।२१ मा बसेको केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको बैठकले अदालतको फैसलाबमोजिम लागेको दण्ड जरीवाना तिर्न बाँकी व्यक्तिहरूले सम्बन्धित अदालतमा समर्पण नगरेसम्म राज्यका विभिन्न निकायहरूबाट प्रदान गरिने नागरिकता, राहदानी, इजाजतपत्र, टेलिफोन, धारा, बिजुली जडान, जग्गा तथा सवारी नामसारीलगायत सबै प्रकारका सेवा सुविधा स्थगन गर्न सम्बद्ध सबै निकायहरू र मन्त्रालयहरूलाई अनुरोध गर्ने तथा यससम्बन्धी आवश्यक कानून निर्माण गर्न कानून मन्त्रालयमा लेखी पठाउने निर्णय भई सो निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा मिति २०७०।९।३० मा पत्राचारसमेत भइसकेको अवस्था छ ।
- न्यायपालिकामा रणनीतिक योजनाका माध्यमबाट काम गर्न शुरू भएपछि महत्व पाएको र उपलब्धिसमेत देखिएको अर्को क्षेत्र अनुसन्धान प्रणालीमा भएको विकास पनि हो । दोस्रो योजना अवधिमा मात्र न्याय र कानूनसँग सम्बन्धित ३२ वटा विषयमा अनुसन्धान हुन सकेको अवस्था छ ।
- रणनीतिक योजनामा यसको निर्माणसँगै कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र निर्माण गर्ने कुरालाई पनि महत्व दिई केन्द्रीय तहमा सर्वोच्च अदालतका माननीय न्यायाधीशज्यूको संयोजकत्वमा योजना कार्यान्वयन

समिति स्थापना भएको छ । उक्त समितिको सचिवालयको रूपमा योजना कार्यान्वयन सचिवालयको समेत स्थापना गरिएको छ । योजना कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउन सबै तहका अदालतहरूमा योजना समितिहरू निर्माण गरिएका छन् । यी संयन्त्रहरू मार्फत सम्बन्धित अदालतहरूमा योजनाले प्रक्षेपण गरेबमोजिमको लक्ष्य हासिल हुन सकेको छ छैन र छैन भने समस्याहरू के छन् भनी समीक्षा गर्ने परिपाटी बसेको छ । न्यायाधीश एवं कर्मचारीहरूको ध्यान योजना कार्यान्वयनमा केन्द्रित गर्ने प्रयासहरू भएका छन् ।

- योजनाको फलस्वरुप न्यायपालिकाबाट सम्पादन हुने हरेक कार्यहरूलाई तथ्याङ्कमा प्रस्तुत गर्ने परिपाटी बसेको छ । हिजो कहाँ थियौं, आज कहाँ आइपुगेका छौं र भोलि कहाँ पुग्नुपर्ने हो भन्ने किसिमबाट गन्तव्यहरू निर्धारण गर्ने र त्यसको समीक्षा गर्ने गरिएको छ । संक्षेपमा भन्दा न्यायपालिकाभित्र सुधार प्रक्रियाप्रतिको आम प्रतिबद्धता र उत्तरदायित्वमा वृद्धि भएको पाइएको छ ।
- हरेक अदालतका न्यायाधीशहरू बीच आफ्नो कार्यसम्पादनका लागि व्यक्तिगत लक्ष्य निर्धारण गर्ने र सो लक्ष्य प्राप्तिका लागि स्वयं प्रतिवद्ध रहने प्रवृत्ति बढेको छ ।
- न्यायक्षेत्रका सरोकारवाला निकायहरू बीच समग्र न्यायसम्पादनको कार्यमा सहयोग, समन्वय र जिम्मेवारी बोधको भावनामा क्रमशः वृद्धि हुँदै गएको छ ।
- विगत योजना कार्यान्वयनको अनुभवबाट न्यायपालिकामा न्यायाधीश र कर्मचारीहरू योजनाप्रति अभ्यस्त हुँदै गएको र योजना कार्यान्वयनसम्बन्धी सीपको विकासमा समेत सुधार भैरहेको अवस्था छ ।

## २.५: दोस्रो योजना कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू

- प्रथम योजनामा जस्तै दोस्रो योजनाका सन्दर्भमा पनि योजना कार्यान्वयनका लागि प्रक्षेपण गरिएको बजेटको तुलनामा ज्यादै कम मात्र बजेट न्यायपालिकाका लागि विनियोजन हुन सकेको पाइन्छ । दोस्रो योजना अवधिभरका लागि जम्मा बजेट रु १९,११,८८,३१,०००।- प्रक्षेपण गरिएकोमा जम्मा रु ९,४९,६९,१०,३५३।- अर्थात ४९.६७ प्रतिशत मात्र बजेट विनियोजन हुन सकेको पाइएको छ । न्यायपालिकाका निम्ति राष्ट्रिय बजेटको कम्तीमा एक प्रतिशत बजेट पनि उपलब्ध हुन सकेको छैन ।

- योजना कार्यान्वयका लागि प्रक्षेपण गरिएबमोजिमको बजेट प्राप्त नहुनु स्वयंमा एउटा समस्या छंदैछ, प्राप्त बजेट एवं स्रोतसाधनहरूको वितरण र खर्च पनि योजनासँग र योजनाद्वारा निर्धारित प्राथमिकताहरूसँग आवद्ध तुल्याउन नसकिएको अवस्थासमेत छ ।
- योजना कार्यान्वयन संयन्त्रको रूपमा अनुसन्धान तथा योजना महाशाखालाई योजना कार्यान्वयन सचिवालयको काम गर्ने गरी तोकिएको भए पनि योजना कार्यान्वयन र अनुगमनमा यसलाई पर्याप्त भूमिका दिइएको आवश्यक भौतिक एवं जनशक्तिको व्यवस्था गर्न र यसले प्रभावकारी भूमिका खेल्न सकेको अवस्था छैन । त्यसैगरी मातहतका योजना कार्यान्वयन संयन्त्रहरूको प्रभावकारिता वृद्धि गर्नसमेत सकिएको छैन ।
- कार्यबोझ झण्डै दोब्बर बढ्न गएको छ तर जनशक्तिको दरबन्दी खासै बढेको छैन । न्याय समूहमा अधिकृत स्तरको पदमा पूर्तिका लागि लोक सेवा आयोगबाट विज्ञापन भएकोमा आवश्यक पदसंख्या बराबर पनि उम्मेद्वारहरूको आवेदन नपरेको अवस्था देखिएको छ । यस अवस्थालाई सम्बोधन गर्न न्यायपालिकाले तत्कालै नेपाल सरकार, कानून अध्ययन संकायहरू र लोक सेवा आयोगलगायतका सम्बन्धित निकायहरूको समन्वयमा मानव संसाधन योजना तर्जुमा गरी लागू गर्नुपर्ने आवश्यकता देखाएको छ । वि सं २०६६ सालमा मानव संसाधन विकास अध्ययन समितिबाट प्रस्तुत प्रतिवेदन कार्यान्वयन हुन सकेको छैन ।
- अदालत व्यवस्थापनमा सूचना र सञ्चार प्रविधिको प्रयोग गर्न थालिएको करिब दश वर्ष व्यतीत भइसकेको छ । तथापि अझ पनि सूचना र सञ्चार प्रविधिको प्रयोगलाई विश्वसनीय, उपयोगी र प्रभावकारी बनाउन सकिएको छैन । सूचना र सञ्चार प्रविधिको प्रयोगको क्षेत्रमा वर्तमान अवस्थाको आंकलन र भविष्यको गन्तव्य निर्धारण गरी दीर्घकालिन, मध्यकालिन एवं अल्पकालिन कार्यक्रमका साथ अगाडि बढ्न नसकिएको अवस्था छ ।
- योजनाबद्ध सुधार प्रकियाको करिब दश वर्ष पूरा भैसक्दा पनि सबै तहका न्यायाधीश र कर्मचारीहरूमा योजनाप्रति वाञ्छित रूपमा स्वामित्वभावको सिर्जना हुन सकेको अवस्था छैन ।
- मुद्दा फछ्र्यौटतर्फको प्रगति मूल्याङ्कनलाई आधार मान्दा कार्यबोझ र कार्यसम्पादनबीच कुनै सम्बन्ध कायम हुन सकेको देखिएन ( कार्यबोझका दृष्टिले साना कतिपय अदालतहरूमा पुराना मुद्दाहरू बांकी रहेको र फछ्र्यौट संख्यासमेत न्यून रहेको देखिएको छ ठूला जिल्ला अदालतहरूमा २ वर्ष पुराना

मुद्दा शून्यमा ल्याइएको देखिएको छ  र फछ्यौट प्रगति पनि उत्साहजनक देखिएको छ) ।

- योजना तर्जुमाका क्रममा भएको छलफल र परामर्शबाट योजना कार्यान्वयनका सन्दर्भमा दोहोरो सञ्चार प्रणालीको विल्कुलै अभाव रहेको देखियो । योजना कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति तथा अन्य व्यवस्थापनका सम्बन्धमा पुनरावेदन र जिल्ला तहका अदालतहरूले आफ्नो भनाई राख्ने र सुन्ने प्रणालीको अभाव महशुस गर्ने गरेको पाइयो । यसले कार्यान्वयन तहमा रहेका अदालतहरूमा ठूलो निराशा उत्पन्न गरेको अवस्था छ ।
- योजनामा प्रक्षेपित लक्ष्यहरूको प्राप्तिमा अदालतको मात्र एक्लो प्रयास पर्याप्त नहुने तर यसका सरोकारवाला निकायहरू खासगरी सरकारी वकील र वार एशोसियसनबाट सकारात्मक सहयोग प्राप्त गर्नेतर्फ घनिभूत प्रयास हुन सकेको र आपसी सम्वाद वा छलफल पर्याप्तरूपमा हुन सकेको छैन ।
- योजनामा प्रक्षेपित कतिपय क्रियाकलापहरू कानून सुधार र निर्माणसँग सम्बन्धित रहेकोमा कानून संशोधन र निर्माण गर्ने निकायहरूसँग आवश्यकता अनुरूप संवाद नसकिएको कारण कानूनी निर्णय र सुधारका क्षेत्रमा अपेक्षित उपलब्धि हुन सकेन जसका कारण छिटो छरितो फैसला गर्ने र बक्यौता न्यूनीकरण गर्ने र फैसला कार्यान्वयनतर्फ अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन ।
- योजना कार्यान्वयनका लागि विशेष सीप र दक्षता आवश्यक पर्ने भएपनि योजना अवधिमा योजना कार्यान्वयनको जिम्मेवारीमा रहेका न्यायाधीश र अधिकृतहरूका लागि योजना कार्यान्वयनसँग सम्बन्धित सीप र दक्षता विकास गर्नेतर्फ अपेक्षित प्रगति हुन सकेको देखिँदैन ।
- योजना आफैँमा अनुशासन र संस्कृति पनि हो । अदालतको लागि आफ्नो कार्ययोजना दैनिकी हुनुपर्दछ । तर, धेरै अदालतहरूमा योजना दैनिकी बन्न सकेको देखिंदैन । .
- न्यायाधीश र कर्मचारीहरूको क्षमता विकासका लागि केही प्रशिक्षण र गोष्ठीहरू सञ्चालन भएको पाइए पनि यी कार्यक्रमहरू आवश्यकतामा आधारित नभई प्रशिक्षण सञ्चालन गर्ने संस्थाहरूको प्राथमिकतामा आधारित हुन गएको अवस्था छ । क्षमता विकासका लागि उद्देश्यमूलक कार्यक्रमहरू सञ्चालन गर्ने किसिमको क्षमता विकास योजना बनेको र सो अनुरूप हुन सकेको अवस्था छैन ।

परिच्छेद-३

# परिदृश्य, परिलक्ष्य र मूल्यहरू

## ३.१: परिदृश्य

स्वतन्त्र, सक्षम एवं प्रभावकारी न्यायप्रणालीको स्थापना गरी कानूनको शासन एवं नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण गर्दै सबैका लागि न्याय सुनिश्चित गर्नु नेपालको न्यायपालिकाको परिदृश्य हो ।

## ३.२: परिलक्ष्य

संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवं निष्पक्ष न्यायसम्पादन गर्नु नेपालको न्यायपालिकाको परिलक्ष्य हो ।

## ३.३: आधारभूत मूल्यहरू

- संविधान र कानूनप्रति आस्था
- स्वतन्त्रता र स्वायत्तता
- स्वच्छता, समानता र निष्पक्षता
- उत्तरदायित्व
- गुणस्तरीयता
- सदाचार
- प्रतिनिधित्व र समावेशिता

परिच्छेद-४

# लक्ष्यहरूको निर्धारण र लक्ष्य प्राप्तिका रणनीतिहरू

## ४.१: लक्ष्यहरूको निर्धारण

लक्ष्य १: न्यायसम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने
लक्ष्य २: न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने
लक्ष्य ३: न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने
लक्ष्य ४: न्यायपालिकाप्रति आस्था र विश्वास अभिवृद्धि गर्ने

## ४.२: लक्ष्य प्राप्तिका रणनीतिहरू

### ४.२.१: मूल रणनीतिहरू

### लक्ष्य १: न्यायसम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने

#### लक्ष्य प्राप्तिका रणनीतिहरू

१: मुद्दाको फैसला र फैसलाको तयारी तोकिएको समयावधिभित्र गर्ने प्रबन्ध मिलाउने
२: पुराना बक्यौता मुद्दाहरूको न्यूनीकरणमा जोड दिने
३: फैसला कार्यान्वयनको कार्यलाई विशेष अभियानको रूपमा सञ्चालन गर्ने
४: सुपरीवेक्षण एवं निरीक्षणको कार्यलाई प्रभावकारी बनाउने

### लक्ष्य २: न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने

#### लक्ष्य प्राप्तिका रणनीतिहरू

१: मुद्दामा हुने चरणबद्ध कारवाहीको पूर्वजानकारी हुने प्रणाली लागू गर्ने

२: मुद्दाको कारवाहीका लागि निर्धारण गरिने समयतालिकाको परिपालना हुने स्थिति कायम गर्ने

## लक्ष्य ३: न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने

### लक्ष्य प्राप्तिका रणनीतिहरू

१: आर्थिकरूपले विपन्न नागरिकहरूका निम्ति न्यायिक सेवामा लाग्ने गरेका दस्तुरहरू पुनरावलोकन गरी सुलभ व्यवस्था गर्ने

२. न्यायिक कार्यविधिलाई सरल बनाउने

३: अदालतबाट प्रदान गरिने कानूनी सहायता प्रणालीलाई प्रभावकारी बनाउने

४: मेलमिलाप प्रक्रियाद्वारा विवाद समाधान गर्ने प्रणालीलाई प्रभावकारी बनाउने

५: अदालतका भौतिक सुविधाहरू सेवाग्राहीहरूका आवश्यकता अनुरूप तुल्याउने

## लक्ष्य ४: न्यायपालिकाप्रति आस्था र विश्वास अभिवृद्धि गर्ने

### लक्ष्य प्राप्तिका रणनीतिहरू

१: न्यायपालिकाबाट प्रवाह हुने सेवालाई गुणस्तरीय बनाउने

२: सेवाग्राहीहरूका निम्ति समग्र न्यायिक प्रक्रिया र अदालतबाट प्राप्त हुने सेवा एवं सुविधाहरूका बारेमा जानकारी प्रवाह गराउने प्रणाली स्थापना गर्ने

३: अनियमितता र गुनासो सुनुवाइका लागि प्रभावकारी संयन्त्रको स्थापना गर्ने

४: न्यायिक प्रक्रिया र प्रणालीबारे समुदायका विभिन्न वर्गहरूसँग अन्तरसंवाद गर्ने प्रणालीको स्थापना गर्ने

५. न्यायिक सूचना प्रवाह प्रणालीलाई प्रभावकारी बनाउने

## ४.२.२: सहयोगी (Supportive) रणनीतिहरू

४.२.२.१: योजना कार्यान्वयन प्रणालीलाई सुदृढ बनाउने

४.२.२.२: मुद्दा व्यवस्थापन पद्दतिमा सुधार गर्ने

४.२.२.३: मानव संसाधनको व्यवस्थापनलाई प्रभावकारी बनाउने

४.२.२.४: अदालतहरूको भौतिक पूर्वाधार विकास गरी आधुनिक मापदण्ड अनुरूप तुल्याउने

४.२.२.५: अदालत व्यवस्थापनमा सूचना र सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्ने

४.२.२.६: न्यायिक स्वतन्त्रता र स्वायत्तताका मूल्यहरूको जगेर्ना गर्ने

४.२.२.७: न्यायिक उत्तरदायित्व र उत्पादकत्व वृद्धि गर्ने

४.२.२.८: न्याय क्षेत्रका सरोकारवालाहरूसँगको सम्बन्ध र समन्वयलाई सुदृढ गर्ने

४.२.२.९: न्याय र कानूनसम्बन्धी अध्ययन अनुसन्धान एवं प्रकाशन र कानूनी सुधार प्रक्रियालाई निरन्तरता दिने ।

परिच्छेद-५

# रणनीतिहरूको कार्यान्वयन योजना

## ५.१ः मूल रणनीतिहरूको कार्यान्वयन योजना

### लक्ष्य १ : न्याय सम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने

### रणनीति १ः मुद्दाको फैसला एवं फैसलाको तयारी तोकिएको समयावधिभित्र गर्ने प्रबन्ध मिलाउने ।

### जिल्ला अदालततर्फ

| कार्य | अदालत समूह | कार्यसम्पादन सूचक | समयावधि |
|---|---|---|---|
| मुद्दा फछ्र्यौटको अवधिगत कार्य | समूह क[1] | सबै मुद्दाहरू १ वर्षभित्र फछ्र्यौट गर्ने | प्रत्येक वर्ष |
| | समूह ख[2] र ग[3] | थुनुवा मुद्दा, साना प्रकृतिका मुद्दा[4] र प्राथमिकता प्राप्त मुद्दा[5]हरू १ वर्षभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | | थुनुवा मुद्दा, साना प्रकृतिका मुद्दा र प्राथमिकता प्राप्त मुद्दाहरू बाहेकका अन्य मुद्दाहरू १८ महिना भित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| रिट फछ्र्यौटको | सबै | सबै रिट निवेदनहरू १ वर्षभित्र | प्रत्येक वर्ष |

[1] समूह क भन्नाले मनाङ, मुस्ताङ, बाजुरा, हुम्ला, रसुवा, डोल्पा, अछाम, वैतडी, डोटी, डडेल्धुरा, दार्चुला, जाजरकोट, तेह्रथुम,

[2] समूह ख भन्नाले खोटाङ, लमजुङ, संखुवासभा, गोर्खा, ताप्लेजुङ, इलाम, गुल्मी, रुकुम, बाग्लुङ, पाँचथर, धादिङ, नुवाकोट, दोलखा, वर्दिया, तनहुँ, कैलाली, उदयपुर, मकवानपुर, काभ्रे, कपिलवस्तु र सप्तरीलाई बुझ्नु पर्नेछ ( आ व २०६९।७० को लगतका आधारमा प्रतिन्यायाधीश ३०१-५५० सम्म मुद्दाको लगत भएका अदालतहरूलाई राखिएको छ) ।

[3] समूह ग भन्नाले सिन्धुपाल्चोक, कञ्चनपुर, सुर्खेत, दाङ, भक्तपुर, कास्की, नवलपरासी, चितवन, झापा, ललितपुर, रुपन्देही, बारा, महोत्तरी, सर्लाही, बाँके, रौतहट, मोरङ, सिरहा, सुनसरी, धनुषा, पर्सा र काठमाण्डौलाई बुझ्नुपर्नेछ ( आ व २०६९।७० को लगतका आधारमा प्रतिन्यायाधीश ५५१ भन्दा बढी मुद्दाको लगत भएका अदालतहरूलाई राखिएको छ)

[4] साना प्रकृतिका मुद्दा भन्नाले वहाल भराउने, मोही, बालीबिगो, कुत बाली, जारी, गाली बेइज्जती, साधारण चोरी, विवाह बदर, धर्मपुत्र, बहुविवाह, बालविवाह, सम्बन्धविच्छेद, सामान्य कुटपीट, लुटपीट, जुवा, सवारी ज्यान र चन्दामुद्दा भन्ने सम्झनुपर्नेछ ।

[5] प्राथमिकता प्राप्त मुद्दा भन्नाले जातीय विभेद, छुवाछूत, बालबालिका संलग्न भएको मुद्दा, पचहत्तर वर्ष उमेरमाथिका व्यक्ति पक्ष भएका सबै मुद्दा, महिला वादी भएको न्वारान गराइपाऊँ भन्ने मुद्दा, महिला वादी भएको नाता कायम गराइ पाऊँ भन्ने मुद्दा, विधवा महिला वादी भएको मुद्दा, मानव बेचबिखन मुद्दा, मानाचामल मुद्दा, जेष्ठ नागरिक मात्र पक्षविपक्ष भएको मुद्दा, जबरजस्ती करणी मुद्दा, घरेलु हिंसासम्बन्धी मुद्दा र विदेशी नागरिक संलग्न भएको मुद्दा सम्झनुपर्नेछ ।

| | | | |
|---|---|---|---|
| अवधिगत कार्य | | फछ्र्यौट हुने | |
| मुद्दा (सबै मुद्दा तथा रिट) फछ्र्यौटको संख्यात्मक कार्य | समूह क | कूल वार्षिक लगतको ७५ प्रतिशत फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | समूह ख | कूल वार्षिक लगतको ७० प्रतिशत फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | समूह ग | कूल वार्षिक लगतको ६० प्रतिशत फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| मुद्दाको अङ्ग पुऱ्याउने कार्य | सबै | मुद्दा दर्ता भएको मितिले ६ महिनाभित्र मुद्दाको अङ्ग पुगको हुने | निरन्तर |
| फैसला तयार गर्ने कार्य | सबै | फैसला भएको मितिले १५ दिनभित्र फैसला तयार हुने | निरन्तर |

## पुनरावेदन अदालततर्फ

| कार्य | अदालत समूह | कार्यसम्पादन सूचक | समयावधि |
|---|---|---|---|
| मुद्दा फछ्र्यौटको अवधिगत कार्य | समूह क[6] | सबै मुद्दाहरू १ वर्षभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | समूह ख[7], ग[8] | थुनुवा मुद्दा, साना प्रकृतिका मुद्दा[9] र प्राथमिकता प्राप्त मुद्दा[10] हरू १ वर्षभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | | थुनुवा मुद्दा, साना प्रकृतिका मुद्दा र प्राथमिकता प्राप्त मुद्दाहरू बाहेकका अन्य मुद्दाहरू १८ महिनाभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| रिट फछ्र्यौटको अवधिगत कार्य | सबै अदालत | सबै रिट निवेदनहरू १ वर्षभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |

[6] समूह क भन्नाले पुनरावेदन अदालत धनकुटा, बाग्लुङ, सुर्खेत, जुम्ला, महेन्द्रनगर, दिपायल, तुलसीपुर, इलाम, पोखरा बुझ्नुपर्नेछ (आ व २०६९।७० को मुद्दाको लगतको आधारमा जम्मा लगत प्रतिन्यायाधीश १७५ सम्म मुद्दा भएका अदालतहरूलाई समावेश गरिएको छ)।

[7] समूह ख भन्नाले पुनरावेदन अदालत नेपालगञ्ज, वुटवल, विराटनगर, जनकपुर, राजविराज, हेटौंडा बुझ्नुपर्नेछ (आ व २०६९।७० को मुद्दाको लगतको आधारमा जम्मा लगत प्रतिन्यायाधीश १७६-४५० सम्म मुद्दा भएका अदालतहरूलाई समावेश गरिएको छ)।

[8] समूह ग भन्नाले पुनरावेदन अदालत पाटनलाई बुझ्नुपर्नेछ (आ व २०६९।७० को मुद्दाको लगतलाई आधार मान्दा पुनरावेदन अदालत, पाटनमा प्रतिन्यायाधीश ५०६ मुद्दाको लगत रहेको थियो)।

[9] साना प्रकृतिका मुद्दा भन्नाले बहाल भराउने, मोही, बालीबिगो, कुत बाली, जारी, गाली बेइज्जती, साधारण चोरी, केही सार्वजनिक अपराध, विवाह बदर, धर्मपुत्र, बहुविवाह, वालविवाह, सम्बन्ध विच्छेद, सामान्य कुटपीट, लुटपीट, जुवा, सवारी ज्यान, कालो बजार र चन्दा मुद्दा भन्ने सम्झनुपर्नेछ।

[10] प्राथमिकता प्राप्त मुद्दा भन्नाले जातीय विभेद, छुवाछूत, बालबालिका पक्ष भएको मुद्दा, पचहत्तर वर्ष उमेरमाथिका ब्यक्ति पक्ष भएका सबै मुद्दा, महिला पुनरावेदक भएको न्वारान गराइपाऊँ भन्ने मुद्दा, महिला पुनरावेदक भएको नाता कायमगराइ पाऊँ भन्ने मुद्दा, विधवा महिला पुनरावेदक भएको मुद्दा, मानव बेचबिखन मुद्दा, मानाचामल मुद्दा, जेष्ठ नागरिक मात्र पक्षविपक्ष भएको मुद्दा, जबरजस्ती करणी मुद्दा, घरेलु हिंसा, करारको उपयुक्त आदेश गरिपाऊँ भन्ने मुद्दा, मध्यस्थको नियुक्ति/बदर गरिपाऊँ भन्ने मुद्दा, कम्पनी ऐन अन्तर्गतका मुद्दा, बिदेशी नागरिक संलग्न भएको मुद्दा सम्झनुपर्नेछ।

| | | | |
|---|---|---|---|
| मुद्दा (समग्र मुद्दा तथा रिट) फछ्र्यौटको संख्यात्मक कार्य | समूह क | वार्षिक लगतको ७५ प्रतिशतले फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | समूह ख | वार्षिक लगतको ६८ प्रतिशतले फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | सम ग | वार्षिक लगतको ६० प्रतिशतले फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| मुद्दाको अङ्ग पुऱ्याउने कार्य | सबै | मुद्दा दर्ता भएको मितिले ६ महिनाभित्र मुद्दा फैसलाको लागि अङ्ग पुगेको हुने | निरन्तर |
| फैसलाको तयारी गर्ने कार्य | सबै | फैसला भएको १५ दिनभित्र फैसला तयार हुने | निरन्तर |
| प्रतिवेदन फछ्र्यौट गर्ने कार्य | सबै | सबै प्रतिवेदनहरू दर्ता भएको मितिले १ महिनाभित्र फछ्र्यौट हुने | निरन्तर |

## सर्वोच्च अदालततर्फ

| कार्य | कार्यसम्पादन सूचक | समयावधि |
|---|---|---|
| कानूनको संवैधानिकताको विवाद निरोपण गर्ने कार्य | सबै विवादहरू १ वर्षभित्र निरोपण हुने | प्रत्येक वर्ष |
| रिट निवेदनहरू निरोपण गर्ने कार्य | सबै रिट निवेदनहरू १८ महिनाभित्र निरोपण हुने | प्रत्येक वर्ष |
| शुरू तथा पुनरावेदन मुद्दाहरू र साधक फछ्र्यौट गर्ने कार्य | सबै पुनरावेदनहरू २ वर्षभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| दोहोऱ्याई पाऊँ, पुनरावलोकन र अनुमतिका निवेदनहरू तथा लगाउ नभएका साधकहरूको फछ्र्यौट गर्ने कार्य | सबै निवेदन र साधकहरू ६ महिनाभित्र फछ्र्यौट हुने | निरन्तर |
| मुद्दा (समग्र मुद्दा तथा रिटहरु) फछ्र्यौटको संख्यात्मक कार्य | वार्षिक लगतको ५० प्रतिशतले फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| प्रतिवेदन फछ्र्यौट गर्ने कार्य | सबै प्रतिवेदनहरू दर्ता भएको मितिले ३ महिना भित्र फछ्र्यौट हुने | निरन्तर |
| मुद्दाको अङ्ग पुऱ्याउने कार्य | मुद्दा दर्ता भएको मितिले ६ महिनाभित्र मुद्दा फैसलाको लागि अङ्ग पुगेको हुने | निरन्तर |
| फैसलाको तयारी गर्ने कार्य | दोहोऱ्याई पाऊँ भन्ने निवेदन, पुनरावलोकन र अनुमतिका निवेदनहरूका हकमा फैसला भएको मितिले ७ दिन भित्र र अन्य मुद्दाका | निरन्तर |

| | | |
|---|---|---|
| | हकमा फैसला भएको मितिले १ महिनाभित्र फैसला तयार हुने | |

## विशेष अदालत एवं न्यायाधिकरणतर्फ

| कार्य | निकाय | कार्यसम्पादन सूचक | समयावधि |
|---|---|---|---|
| मुद्दा फछ्र्यौटको अवधिगत कार्य | विशेष अदालत | सबै मुद्दाहरू १८ महिनाभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | राजस्व न्यायाधिकरण | सबै मुद्दाहरू १८ महिनाभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | वैदेशिक रोजगार न्यायाधिकरण | सबै मुद्दाहरू १८ महिनाभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | प्रशासकीय अदालत | सबै मुद्दाहरू ६ महिनाभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | श्रम अदालत | सबै मुद्दाहरू १ वर्षभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| मुद्दा फछ्र्यौटको संख्यात्मक कार्य | विशेष अदालत | वार्षिक कूल लगतको ६० प्रतिशत फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | राजस्व न्यायाधिकरण | वार्षिक कूल लगतको ६० प्रतिशत फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | वैदेशिक रोजगार न्यायाधिकरण | वार्षिक कूल लगतको ६० प्रतिशत फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | प्रशासकीय अदालत | वार्षिक कूल लगतको ७० प्रतिशत फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | श्रम अदालत | वार्षिक कूल लगतको ७० प्रतिशत फछ्र्यौट हुने | प्रत्येक वर्ष |

## रणनीति २: पुराना बक्यौता मुद्दाहरूको न्यूनीकरणमा जोड दिने

## जिल्ला अदालततर्फ

| कार्य | अदालत | कार्यसम्पादन सूचक | समयावधि |
|---|---|---|---|
| मुद्दाको बक्यौता न्यून गर्ने | समूह क | १ वर्ष नाघेका मुद्दाहरूको संख्या शून्यमा आउने | प्रत्येक वर्ष |
| | समूह ख र | १ वर्ष नाघेका थुनुवा मुद्दा, साना प्रकृतिका | प्रत्येक वर्ष |

| | | | |
|---|---|---|---|
| | ग | मुद्दा र प्राथमिकता प्राप्त मुद्दाहरूको संख्या शून्यमा आउने | |
| | | १८ महिना नाघेका अन्य (थुनुवा मुद्दा, साना प्रकृतिका मुद्दा र प्राथमिकता प्राप्त मुद्दाहरू बाहेक) मुद्दाहरूको संख्या शून्यमा आउने | प्रत्येक वर्ष |
| रिट निवेदनको बक्यौता न्यून गर्ने | सबै | १ वर्ष नाघेका रिट निवेदनहरूको संख्या शून्यमा आउने | प्रत्येक वर्ष |

## पुनरावेदन अदालततर्फ

| कार्य | अदालत | कार्यसम्पादन सूचक | समयावधि |
|---|---|---|---|
| मुद्दाको बक्यौता न्यून गर्ने | समूह क | १ वर्ष नाघेका मुद्दाहरूको संख्या शून्यमा आउने | प्रत्येक वर्ष |
| | समूह ख र ग | १ वर्ष नाघेका थुनुवा मुद्दा, साना प्रकृतिका मुद्दा र प्राथमिकता प्राप्त मुद्दाहरूको संख्या शून्यमा आउने | प्रत्येक वर्ष |
| | | १८ महिना नाघेका अन्य मुद्दाहरू (थुनुवा मुद्दा, साना प्रकृतिका मुद्दा र प्राथमिकता प्राप्त मुद्दाहरू बाहेक) को संख्या शून्यमा आउने | प्रत्येक वर्ष |
| रिट निवेदनको बक्यौता न्यून गर्ने | सबै | १ वर्ष नाघेका रिट निवेदनहरूको संख्या शून्यमा आउने | प्रत्येक वर्ष |

## सर्वोच्च अदालततर्फ

| कार्य | कार्यसम्पादन सूचक | समयावधि |
|---|---|---|
| कानूनको संवैधानिकताको विवादहरूको बक्यौता न्यून गर्ने | १ वर्ष नाघेका विवादहरूको संख्या शून्यमा आउने | प्रत्येक वर्ष |
| रिट निवेदनहरूको बक्यौता न्यून गर्ने | १८ महिना नाघेका रिटहरूको संख्या शून्यमा आउने | २०७६ आषाढ मासान्त सम्ममा[11] |
| शुरू तथा | २ वर्ष नाघेका पुनरावेदनहरूको संख्या | २०७६ आषाढ मासान्त |

[11] योजनाको पहिलो वर्ष २० प्रतिशत, दोस्रो वर्ष १५ प्रतिशत, तेस्रो वर्ष १० प्रतिशत, चौथो वर्ष ५ प्रतिशत भन्दा बढी रिटहरूलाई १८ महिना नाघ्न नदिने र अन्तिम वर्ष कुनै पनि रिट १८ महिना नाघेको अवस्थामा रहन नदिई शून्यमा ल्याउने ।

| | | |
|---|---|---|
| पुनरावेदन मुद्दाको बक्यौता न्यून गर्ने | शून्यमा आउने | सम्ममा[12] |
| दोहोऱ्याई पाऊँ, पुनरावलोकन र अनुमतिका निवेदनहरू तथा साधकहरूको बक्यौता न्यून गर्ने | ६ महिना नाघेका यस्ता मुद्दा तथा निवेदनहरूको संख्या शून्यमा आउने | प्रत्येक वर्ष |

## विशेष अदालत एवं न्यायाधिकरणतर्फ

| कार्य | निकाय | कार्यसम्पादन सूचक | समयावधि |
|---|---|---|---|
| मुद्दाको बक्यौता न्यून गर्ने | विशेष अदालत | १८ महिना नाघेका बाँकी मुद्दाहरूलाई शून्यमा आउने | प्रत्येक वर्ष |
| | राजस्व न्यायाधिकरण | १८ महिना नाघेका बाँकी मुद्दाहरूलाई शून्यमा आउने | प्रत्येक वर्ष |
| | वैदेशिक रोजगार न्यायाधिकरण | १८ महिना नाघेका बाँकी मुद्दाहरूलाई शून्यमा आउने | प्रत्येक वर्ष |
| | प्रशासकीय अदालत | ६ महिना नाघेका बाँकी मुद्दाहरूलाई शून्यमा आउने | प्रत्येक वर्ष |
| | श्रम अदालत | १ वर्ष नाघेका बाँकी मुद्दाहरूलाई शून्यमा आउने | प्रत्येक वर्ष |

## रणनीति ३: फैसला कार्यान्वयनको कार्यलाई विशेष अभियानको रूपमा सञ्चालन गर्ने

| कार्य | अदालत | कार्यसम्पादन सूचक | समयावधि |
|---|---|---|---|
| देवानी मुद्दाको फैसला कार्यान्वयनका लागि परेका निवेदनहरू फछ्र्यौट गर्ने | सबै जिल्ला अदालत | फैसला कार्यान्वयनका लागि परेका ५० प्रतिशत निवेदनहरू ६ महिनाभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | | फैसला कार्यान्वयनका लागि परेका ७५ प्रतिशत निवेदनहरू ९ महिनाभित्र फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | | फैसला कार्यान्वयनका लागि परेका निवेदनहरू फछ्र्यौट हुन कुनै पनि अवस्थामा १ वर्ष ननाघ्ने | प्रत्येक वर्ष |
| | | योजना अवधिको अन्तमा फैसला कार्यान्वयनका लागि परेका बक्यौता[13] निवेदनहरूलाई शून्यमा | २०७६ असार |

[12] योजनाको पहिलो वर्ष ४० प्रतिशत, दोस्रो वर्ष ३० प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष १० प्रतिशत भन्दा बढी मुद्दाहरूलाई २ वर्ष नाघ्न नदिने र अन्तिम वर्ष कुनै पनि मुद्दा २ वर्ष नाघेको अवस्थामा रहन नदिई शुन्यमा ल्याउने ।

| | | | |
|---|---|---|---|
| | | आउने | |
| फौजदारी मुद्दामा लागेको कैद र जरीवानाको लगत असूल गर्ने | सबै जिल्ला अदालत | प्रत्येक वर्ष कम्तीमा सो वर्ष कायम हुने लगत बराबरको कैद र जरीवाना असूल उपर हुने | प्रत्येक वर्ष |
| | | योजना अवधिको अन्तमा बेरुजु कैद र जरिवानाको लगत ५० प्रतिशतले न्यून हुने | २०७६ असार |
| दण्ड जरीवाना असूल गर्नुपर्ने मुद्दाको लगत फछ्र्यौट गर्ने | सबै जिल्ला अदालत | प्रत्येक वर्ष कम्तीमा सो वर्ष कायम हुने नयाँ मुद्दाको लगत बराबरको संख्यामा फछ्र्यौट हुने | प्रत्येक वर्ष |
| | सबै जिल्ला अदालत | योजना अवधिको अन्तमा बक्यौता लगतको संख्या ५० प्रतिशतले न्यून हुने | २०७६ आषाढ |
| सार्वजनिक सरोकारका विषयमा भएका आदेशहरू कार्यान्वयन गर्ने | फैसला कार्यान्वयन निर्देशनालय | आदेशमा उल्लेख भएकोमा सोही अवधिभित्र र उल्लेख नभएकोमा बढीमा १ वर्षभित्र सबै आदेशहरूको कार्यान्वयन हुने | निरन्तर |

# रणनीति ४: सुपरीवेक्षण एवं निरीक्षणको कार्यलाई प्रभावकारी बनाउने

## क. मिसिलको आन्तरिक निरीक्षण गर्ने र सोको अनुगमन गर्ने

| कार्य | अदालत | समयावधि |
|---|---|---|
| मिसिलको आन्तरिक निरीक्षण गर्ने | जिल्ला अदालत | प्रत्येक वर्ष |
| निरीक्षण निर्देशनको कार्यान्वयन भए नभएको अनुगमन गर्ने | जिल्ला अदालत | निरन्तर |
| मिसिलको आन्तरिक निरीक्षण गर्ने | पुनरावेदन अदालत | प्रत्येक वर्ष |
| निरीक्षण निर्देशनको कार्यान्वयन भए नभएको अनुगमन गर्ने | पुनरावेदन अदालत | निरन्तर |

**द्रष्टब्य:** लगत बढी भएका १४ जिल्ला अदालतहरू (झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, पर्सा, काठमाण्डौ, नवलपरासी, रुपन्देही, कपिलवस्तु, सर्लाही, बारा र  बाँके) मा विशेष प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्ने । यी १४ जिल्ला अदालतहरूमा मात्र जम्मा दण्ड जरीवाना असूल हुनेपर्ने मुद्दाहरू ६६,१४८ मध्ये ४१,४०५, जम्मा असूल हुनुपर्ने कैद वर्ष १,०२,२४० मध्ये ५३,९९२ वर्ष र जम्मा असूल हुनुपर्ने जरिवाना रु ८,४६,९३,८९,२७१।- मध्ये रु ७,०८,४२,९१,०१७- बाँकी रहेको देखिएको छ । यसका लागि देहायबमोजिम गर्ने :

- विशेष प्राथमिकता प्राप्त कार्यक्रमबाट प्राप्त प्रगति समीक्षाका लागि सर्वोच्च अदालतमा गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालयसहितको विशेष प्राथमिकता प्राप्त कार्यक्रम अनुगमन समिति गठन गर्ने
- गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायहरूसँग संवाद गरी विशेष प्राथमिकता प्राप्त कार्यक्रम अनुगमन समितिले कार्ययोजना बनाउने
- यी जिल्ला अदालतहरूमा अदालतका कर्मचारी र प्रहरी जनशक्ति सहितको संयुक्त विशेष दस्ता बनाई दण्डजरिवाना असूलीका लागि अभियान सञ्चालन गर्ने
- अदालतको मौजुदा जनशक्तिले नभ्याउने भएमा सेवा करारमा नियुक्त गरेर भए पनि जनशक्ति आवश्यकता पूर्ति गर्ने
- अभियान सञ्चालनका लागि सवारी साधनलगायत आवश्यक भौतिक स्रोतसाधनहरू उपलब्ध गराउने
- विशेष प्राथमिकता प्राप्त कार्यक्रम अनुगमन समितिको बैठक प्रत्येक महिना बसी विशेष प्राथमिकता प्राप्त कार्यक्रमको प्रभावकारिताका लागि आवश्यकता अनुसारको उपाय अवलम्बन गर्ने ।

[13] बक्यौता निवेदन भन्नाले १ वर्ष पुराना निवेदनहरूलाई सम्झनुपर्नेछ ।

| | | |
|---|---|---|
| मिसिलको आन्तरिक निरीक्षण गर्ने | सर्वोच्च अदालत | प्रत्येक वर्ष |
| निरीक्षण निर्देशनको कार्यान्वयन भए नभएको अनुगमन गर्ने | सर्वोच्च अदालत | निरन्तर |

## ख. विशेष अदालत र अर्धन्यायिक निकायहरूको निरीक्षण गर्ने एवं निरीक्षण निर्देशनहरू कार्यान्वयन भए नभएको अनुगमन गर्ने

| कार्य |
|---|
| मातहत अदालत, अर्धन्यायिक निकाय र कारागार कार्यालयहरूको निरीक्षण गर्न वर्षैभरिका लागि जिल्लागत आधारमा न्यायाधीश तोक्ने |
| मातहत अदालत, अर्धन्यायिक निकाय र कारागार कार्यालयहरूको निरीक्षण गर्ने |
| मातहत अदालत, अर्धन्यायिक निकाय र कारागार कार्यालयहरूको निरीक्षणपछि दिइएका निर्देशनहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्ने |
| मातहत पुनरावेदन अदालत र न्यायाधिकरणहरूको निरीक्षण गर्न वर्षैभरीका लागि न्यायाधीश तोक्ने |
| मातहत पुनरावेदन अदालत र न्यायाधिकरणहरूको कम्तीमा वर्षको १ पटक निरीक्षण गर्ने |
| निरीक्षणका सिलसिलामा दिइएका निर्देशनहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्ने |

## ग.निरीक्षण कार्यलाई प्रभावकारी बनाउने

| कार्य |
|---|
| निरीक्षण कार्यमा एकरूपताका लागि निरीक्षण निर्देशिका बनाई लागू गर्ने |
| पुनरावेदन अदालतमा स्थापित अनुगमन तथा निरीक्षण शाखालाई सुदृढ बनाउने |
| निरीक्षण निर्देशन र अनुगमन अवस्थाको अभिलेख अद्यावधिक गर्ने |
| सर्वोच्च अदालत र पुनरावेदन अदालतहरूबाट भएका निरीक्षणका सन्दर्भमा दिइएका निर्देशनहरू र तिनको कार्यान्वयन अवस्थाको एकीकृत अभिलेख तयार गर्ने |
| अर्धन्यायिक निकाय र कारागारबाट कार्यान्वयन हुनुपर्ने निर्देशनहरूको विषयमा सम्बन्धित मन्त्रालय तथा विभागहरूसँग वर्षको कम्तीमा १ पटक समीक्षा बैठक गर्ने |

## लक्ष्य २: न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने

## रणनीति १: मुद्दामा हुने समयबद्ध कारवाहीको जानकारी हुने प्रणाली लागू गर्ने

| कार्य |
|---|
| नमूनाका रूपमा केही जिल्ला अदालतहरूको मुद्दा व्यवस्थापनमा समय तालिका पद्दति लागू गर्ने |
| नमूना अदालतको अनुभवका आधारमा सबै जिल्ला अदालतहरूमा क्रमश: समय तालिका पद्दति लागू |

| |
|---|
| गर्ने |

## रणनीति २: मुद्दाको कारवाहीका लागि निर्धारण गरिने समयतालिकाको परिपालना हुने स्थिति कायम गर्ने

| कार्य |
|---|
| समय तालिका पद्दति कार्यान्वयनको सहजीकरणका लागि नमूनाका रूपमा तोकिएका अदालतका न्यायाधीश, कर्मचारी, बार सदस्यहरू र सरकारी वकीलहरूका लागि अनुशिक्षण सञ्चालन गर्ने |
| नमूना अदालतको अनुभवका आधारमा समय तालिका पद्दति लागू भएका अन्य अदालतका न्यायाधीश, कर्मचारी, बार सदस्यहरू र सरकारी वकीलहरूका लागि अनुशिक्षण सञ्चालन गर्ने |
| समय तालिका पद्दति कार्यान्वयन भए नभएको अनुगमन गर्ने |
| समय तालिका पद्दतिको कार्यान्वयनबाट प्राप्त अनुभवको आदान प्रदान गरी कमी कमजोरी सुधारका लागि समय तालिका पद्दति लागू भएका अदालतका जिल्ला न्यायाधीश र स्रेस्तेदारहरूको गोष्ठी गर्ने |
| गोष्ठीबाट प्राप्त पृष्ठपोषणको आधारमा समय तालिका पद्दतिमा आवश्यक परिमार्जन गर्ने |
| सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू बाझिएमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था गर्ने |

## लक्ष्य ३: न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने

## रणनीति १: न्यायिक सेवामा लाग्ने गरेका दस्तुरहरू पुनरावलोकन गरी आर्थिकरूपमा विपन्न नागरिकहरूका निम्ति सुलभ व्यवस्था गर्ने

| कार्य | |
|---|---|
| आर्थिक रूपमा विपन्न नागरिकहरूका निम्ति सुलभ व्यवस्था गर्न न्यायिक सेवामा लाग्ने गरेका दस्तुरहरू पुनरावलोकन गर्ने गराउने | कार्यदल गठन गर्ने |
| | अध्ययन गर्ने |
| अध्ययन प्रतिवेदन कार्यान्वयनका लागि पहल गर्ने | |

## रणनीति २. न्यायिक कार्यविधिलाई सरल बनाउने

| कार्य | |
|---|---|
| मुद्दाको काम कारवाहीलाई सरल बनाउन विद्यमान कानून र कार्यविधिहरूको पुनरावलोकन गर्ने गराउने | कार्यदल बनाउने |
| | अध्ययन गर्ने |
| अध्ययन प्रतिवेदन कार्यान्वयनका लागि पहल गर्ने | |
| अनलाइन (विद्युतीय माध्यमबाट) तारिख लिने प्रणाली स्थापनार्थ कानूनी र प्राविधिक पक्षमा अध्ययन गर्ने गराउने | |
| अध्ययनबाट सम्भाव्य देखिएमा कम्तीमा सर्वोच्च अदालतमा नमूनाको रूपमा अनलाइन तारिख लिने प्रणाली लागू गर्ने | |
| मुद्दाको कारवाहीबारे अन लाइन जानकारी पाउने प्रणाली स्थापना गर्ने | |
| आर्थिक रूपमा विपन्न बाहेक मुद्दा हार्ने अन्य पक्षबाट जित्ने पक्षलाई मुद्दामा लागेको खर्च भराइदिने | |

| |
|---|
| प्रणाली स्थापनाका लागि पहल गर्ने |
| सांकेतिक भाषा प्रयोग गर्ने र नेपाली भाषा नबुझ्नेहरूका लागि दोभाषेको व्यवस्था गर्ने |

## रणनीति ३: अदालतबाट प्रदान गरिने कानूनी सहायता प्रणालीलाई थप प्रभावकारी बनाउने

| कार्य |
|---|
| वैतनिक कानून व्यवसायीको पदावधि कम्तीमा ३ वर्ष गराउने |
| वैतनिक कानून व्यवसायीको नियुक्ति खुला प्रतिस्पर्धाद्वारा गर्ने |
| वैतनिक कानून व्यवसायीको सेवालाई पूर्णकालीन बनाउने |
| थुनुवा मुद्दामा वैतनिक कानून व्यवसायी नियुक्त गरिएकोमा सम्बन्धित थुनुवाले सोको जानकारी पाउने व्यवस्था गर्ने |
| वैतनिक कानून व्यवसायीमार्फत देहायको सेवा उपलब्ध गराउने व्यवस्था गर्ने<br>● आवश्यक कानूनी लिखत तयार गर्ने<br>● मुद्दासँग सम्बन्धित विषयमा परामर्श गर्ने<br>● मुद्दाको कारवाही अवस्था जानकारी गराउने<br>● हप्ताको १ पटक सम्बन्धित जिल्लाको कारागार भ्रमण गर्ने |
| वैतनिक कानून व्यवसायीको प्रतिवेदनबाट बेजिल्लाका अदालतबाट सम्बोधन हुनु पर्ने कुनै समस्या देखिए सम्बन्धित अदालतलाई जानकारी गराउने |
| गरीब असहायका तर्फबाट आवश्यकता अनुसार वैतनिक कानून व्यवसायी मार्फत तारिखमा रहने व्यवस्था मिलाउने |
| वैतनिक कानून व्यवसायीबाट सम्पादित कार्यहरूको प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउने |
| स्थानीय तहमा कानूनी सहायताको प्रवर्द्धनका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी एकीकृत कार्य प्रणालीको विकास गर्ने |

## रणनीति ४: मेलमिलाप प्रक्रियाद्वारा विवाद समाधान गर्ने प्रणालीलाई प्रभावकारी बनाउने

| कार्य |
|---|
| मेलमिलाप प्रक्रियाका बारेमा संवेदनशीलता अभिवृद्धिका लागि न्यायाधीश तथा कर्मचारीहरूलाई अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने |
| कानूनबमोजिम मेलमिलाप हुन सक्ने मुद्दामा प्रतिउत्तर परेपछि प्रारम्भिक सुनुवाइका बखत कम्तीमा एक पटक मुद्दा मेलमिलापका लागि पठाउने |
| सम्बन्धित अदालतका मेलमिलापकर्ताहरू र न्यायाधीशबीच आवधिक रूपमा अन्तरक्रिया गर्ने |
| मेलमिलापकर्तालाई अदालतका तर्फबाट पारिश्रमिक दिने नदिने नीतिगत निर्णय गर्ने र दिने निर्णय भएमा पारिश्रमिकलाई नतिजामूलक बनाउन मेलमिलाप सफल भएको वा नभएको आधारमा फरक पारिश्रमिक निर्धारण गर्ने नीति अपनाउने |

| |
|---|
| मेलमिलापका लागि पठाइएका मुद्दाहरूको न्यायाधीशगत विवरण लिने गरी प्रतिवेदन प्रणालीलाई सुधार गर्ने |
| न्यायाधीश सम्मिलित मेलमिलाप (JDR) प्रणालीको प्रयोगको सम्भावनाका लागि अध्ययन गर्ने |

## रणनीति ५: अदालतका भौतिक सुविधाहरूलाई सेवाग्राहीहरूको आवश्यकता अनुरूप तुल्याउने

| कार्य |
|---|
| नयां बन्ने अदालत भवनहरूमा सेवाग्राहीहरूको आवश्यकता अनुरूपका सुविधाहरू थप गर्ने<br>● अपाङ्गता भएका व्यक्तिहरूको पहुंचको सहजता<br>● गोपनियता कायम गर्नुपर्ने पक्ष र साक्षीहरूको लागि छुट्टै विश्राम कक्षको व्यवस्था<br>● सुरक्षा जोखिममा रहेका पक्ष र साक्षीहरूको सुरक्षा व्यवस्था<br>● बालबालिका र महिलाहरूको आवश्यकता<br>● थुनुवाहरूको लागि सुरक्षित प्रतिक्षालयको व्यवस्था<br>● पक्षहरूसँग परामर्श (काउन्सेलिङ) गर्ने कक्षको व्यवस्था |
| भइरहेका भवनहरूमा आवश्यकता अनुसारका सुविधाहरू थप गर्दै जाने |
| सेवाग्राहीहरूका निम्ति कम्तीमा प्रतिक्षालय र शुद्ध खानेपानीको प्रबन्ध मिलाउने |

# लक्ष्य ४: न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने

## रणनीति १: न्यायपालिकाबाट प्रवाह हुने सेवालाई गुणस्तरीय बनाउने

| कार्य | |
|---|---|
| सूचना तथा सहयोग कक्षको स्थापनालाई विस्तार गर्ने | |
| सूचना तथा सहयोग कक्षबाट प्रवाह हुने सेवाहरूको दिग्दर्शन निर्माण गर्ने | |
| सबै न्यायाधीश र कर्मचारीहरूबाट सेवाग्राहीहरू प्रति मर्यादित व्यवहार गर्ने | |
| सबै न्यायाधीश र कर्मचारीहरूबाट मर्यादित व्यवहार भए नभएको सम्बन्धमा सेवाग्राहीहरूबाट सर्वेक्षण गराउने प्रणाली अपनाउने | |
| अदालतबाट गरिने फैसलालाई गुणस्तरीय बनाउने | फैसला र आदेश लेखनलाई गुणस्तरीय बनाउन फिरादपत्र, प्रतिउत्तरपत्र, फैसला र आदेशको ढाँचालाई परिमार्जन गरी सरलीकृत बनाउने |
| | जिल्ला र पुनरावेदन अदालतबाट भएका गुणस्तरीय फैसलाहरूको प्रकाशन गर्ने व्यवस्था गर्ने |
| | अदालतको निरीक्षण हुँदा हरेक न्यायाधीशबाट भएका फैसला अध्ययन गर्ने प्रणाली अपनाउने |
| | कार्यविधिगत प्रक्रिया पूरा नगरी वा बुझ्नुपर्ने नबुझी फैसला गरेको कारण पुनः इन्साफका लागि फिर्ता पठाइएका मुद्दाहरूको अभिलेख राख्ने प्रणाली अवलम्बन |

| | |
|---|---|
| | गर्ने |
| | पुनरावेदन परेका मुद्दाहरूको न्यायाधीशगत विवरण राख्ने पद्धति अवलम्बन गर्ने |
| अदालतबाट भएका फैसलाहरूप्रति सन्तुष्टीको स्तर बुझ्न पुनरावेदन पर्ने प्रवृत्तिको अध्ययन गरी वार्षिकरूपमा प्रकाशन गर्ने परिपाटी अपनाउने | |

## रणनीति २: न्यायिक प्रक्रिया, अदालतबाट प्राप्त हुने सेवा एवं सुविधाहरू र मुद्दाको कारवाही अवस्थाका बारेमा जानकारी प्रवाह गराउने प्रणाली स्थापना गर्ने

| कार्य |
|---|
| अदालतमा आउने सेवाग्राहीहरूका निम्ति परामर्श सेवा (counseling service) सञ्चालन गर्ने<br>• न्यायिक प्रक्रिया<br>• अदालतमा प्राप्त सेवा एवं सुविधाहरू |
| टेली इन्क्वायरी प्रणाली स्थापना गर्ने |

## रणनीति ३: अनियमितता र गुनासो सुनुवाइका लागि प्रभावकारी संयन्त्रको स्थापना गर्ने

| कार्य |
|---|
| अदालतमा स्थापित अनियमितता र गुनासो सुनुवाइ संयन्त्रलाई प्रभावकारी बनाउने |
| गुनासो सुनुवाइ भएको सुनिश्चितताका लागि सुनुवाइ भएको कुराको जानकारी प्रवाह हुने प्रणाली स्थापना गर्ने |
| उजूरी एवं गुनासोको आधारमा सम्बन्धित कर्मचारीको मूल्याङ्कन हुने स्थिति कायम गर्न मूल्याङ्कनकर्तालाई कारवाहीको विवरण उपलब्ध गराउने |

## रणनीति ४: न्यायिक प्रक्रिया र प्रणालीबारे समुदायका विभिन्न वर्गहरूसँग अन्तरसंवाद गर्ने प्रणालीको स्थापना गर्ने

| कार्य | |
|---|---|
| न्यायिक संवाद (judicial outreach) कार्यक्रम संचालन गर्ने | कार्यक्रमको ढाँचा तयार गरी सञ्चालन निर्देशिका बनाउने |
| | कार्यक्रम सञ्चालनका लागि सम्भावित स्रोत व्यक्तिहरूलाई अभिमुखीकरण गर्ने |
| | अभिमुखीकरण प्राप्त स्रोत व्यक्तिहरूबाट विभिन्न समुदायलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने |

| |
|---|
| जिल्ला र पुनरावेदन अदालतमा न्यायाधीशसँग मुद्दाका पक्षहरूले अन्तरक्रिया गर्न पाउने (Meet the Judge) प्रणाली कार्यान्वयन गर्ने<br>• अन्तरक्रिया ढाँचा र तरिका निर्धारण गर्ने<br>• अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने । |

## रणनीति ५. न्यायिक सूचना प्रवाह प्रणालीलाई प्रभावकारी बनाउने

| कार्य |
|---|
| न्यायिक प्रक्रिया र कामकारवाहीसम्बन्धी आधारभूत जानकारी प्रवाहका लागि आम सञ्चारका माध्यमहरूमार्फत कार्यक्रमहरू सञ्चालन गर्ने<br>• कार्यक्रम उत्पादन<br>• कार्यक्रम सञ्चालन |
| न्यायिक सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन प्रत्येक तहका अदालतले संचारकर्मीहरूसँग अन्तरक्रिया गर्ने |

# ५.२: सहयोगी रणनीतिहरूको कार्यान्वयन योजना

## ५.२.१: योजना कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउने

## ५.२.१.१: नीतिगत तहको कार्यान्वयन योजना

| कार्य |
|---|
| प्रधानन्यायाधीशको प्रत्यक्ष मातहतमा रहने गरी योजना कार्यान्वयनलगायत सम्पूर्ण अदालतहरूको प्रशासनिक, आर्थिक, भौतिक अवस्थाको अद्यावधिक अभिलेख राखी अनुगमन/सुपरीवेक्षणको लागि छुट्टै पूर्णकालिन सचिबालयको स्थापना गर्ने:<br>• न्यायाधीश वा कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतको नेतृत्वमा पर्याप्त जनशक्तिसहितको पूर्णकालीन छुट्टै सचिवालयको स्थापना<br>• स्थानको प्रबन्ध<br>• आवश्यक स्रोत साधनको व्यवस्था |
| • बजेट तयार गर्दा एवं योजनाका कार्यक्रमतर्फको बजेटको आन्तरिक विनियोजन गर्दा सचिवालयसँग अनिवार्य रूपमा  परामर्श र समन्वय गर्ने<br>• योजनाको प्रगति समीक्षा चौमासिक रूपमा हुने पद्दतिको स्थापना गर्ने<br>▪ मातहत जिल्ला अदालतहरू र सम्बन्धित पुनरावेदन अदालतको प्रगति समीक्षा बैठक चौमासिक रूपमा सम्बन्धित पुनरावेदन अदालतमा गर्ने<br>▪ सबै पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरू  एवं योजना हेर्ने न्यायाधीशहरूको चौमासिक समीक्षा बैठक केन्द्रीय तहमा गर्ने<br>▪ सर्वोच्च अदालतको योजना प्रगतिको समीक्षा चौमासिक रूपमा योजना समितिले गर्ने । |
| योजना कार्यान्वयनमा जिल्ला र पुनरावेदन अदालत तहमा रहेका समस्याहरू सुनुवाइ हुने र सम्बोधन |

| |
|---|
| गर्ने परिपाटी अपनाउने<br>• प्रत्येक समीक्षा बैठकपछि योजना समितिका अध्यक्ष र स अ प्रशासनसँग समस्या समाधानका उपायहरूका बारेमा छलफल गरी आवश्यक निर्देशन दिने<br>• अन्तरक्रिया र छलफलपछि भएको निर्णयबारे सम्बन्धित अदालतहरूलाई जानकारी गराउने । |
| स्रोत साधनहरूको वितरण प्रक्रियालाई योजनाका प्राथमिकताहरूसँग आबद्ध तुल्याउने । |
| सबै पुनरावेदन र जिल्ला अदालतहरूमा योजना हेर्ने न्यायाधीश तोकी अन्य सहयोगी कर्मचारीहरूसहितको संयन्त्र निर्माण गर्न परिपत्र गर्ने । |
| मातहत अदालतहरूको वार्षिक कार्ययोजना आर्थिक वर्षको श्रावण महिनाभित्र प्राप्त गर्ने र स्वीकृत वा आवश्यक परिमार्जन गर्न पुनः पठाउने र स्वीकृत कार्य योजना कार्यान्वयनका लागि थप स्रोत साधन आवश्यक हुने भएमा उपलब्ध गराउन पहल गर्ने |
| जिल्ला र पुनरावेदन अदालतहरूमा प्राप्त वार्षिक बजेटमध्येबाट योजनातर्फका कुन क्रियाकलापमा कति खर्च गरिने हो सोको वार्षिक खर्चयोजना बनाई पूर्ण बैठकबाट स्वीकृत गराउने व्यवस्थाका लागि परिपत्र गर्ने |
| रणनीतिक योजना स्वीकृत भएपछि केन्द्रीय तहमा रणनीतिक योजनाको सार्वजनिकीकरण कार्यक्रम आयोजना गर्ने |
| रणनीतिक योजना स्वीकृत भएपछि योजनाका बारेमा सबै न्यायाधीश र कर्मचारीहरू बीच सूचना सम्प्रेषण गर्ने<br>• सर्वोच्च अदालत र पुनरावेदन अदालत तहमा सर्वोच्च अदालतबाटै योजनाका बारेमा जानकारी सम्प्रेषणका लागि कार्यक्रम आयोजना गर्ने<br>• मातहत जिल्ला अदालतहरूमा सम्बन्धित पुनरावेदन अदालतमार्फत योजनाबारेको जानकारी सम्प्रेषण कार्यक्रम आयोजना गर्न निर्देशन गर्ने र कार्यक्रमका लागि आवश्यक स्रोतसाधनको व्यवस्था गर्ने |
| सर्वोच्च अदालतका विभिन्न समितिहरूबीच समन्वय बैठक गर्ने |
| प्रगति समीक्षामा समेटिनु पर्ने आधारभूत पक्षहरूका सम्बन्धमा प्रतिवेदनको निश्चित ढाँचा तयार गरी मातहत अदालतहरूमा पठाउने । |
| योजना कार्यान्वयनका सम्बन्धमा न्यायाधीश, कर्मचारी र अन्य सरोकारवालाहरूसँग समय समयमा अन्तरक्रिया र छलफलका कार्यक्रमहरू तय गरी सञ्चालनको व्यवस्था मिलाउन जिल्ला र पुनरावेदन अदालतहरूलाई निर्देशन गर्ने |
| विद्यमान प्रतिवेदन प्रणालीलाई अद्यावधिक गरी योजनाद्वारा निर्धारित कार्यप्रगतिसँग आबद्ध तुल्याउने |
| योजना कार्यान्वयनमा सर्वोत्कृष्ट हुने पुनरावेदन अदालतहरू मध्ये १ र जिल्ला अदालतहरू मध्ये १ अदालतलाई वार्षिक रूपमा पुरस्कृत गर्ने<br>• सर्वोत्कृष्ट निर्धारण गर्ने वस्तुगत आधारहरूको निर्माण गरी न्यूनतम कार्यसम्पादनस्तरको बारेमा समेत स्पष्ट गर्ने<br>• निर्धारित आधार र सोसम्बन्धी अन्य बिषयको बारेमा सबै अदालतहरूमा समय मै जानकारी गराउने |

| |
|---|
| कार्यबोझ बढी भएका प्रत्येक अदालतको[14] उत्कृष्ट १ जना कर्मचारीलाई पुरस्कृत गर्ने प्रणाली स्थापना गर्ने |

## ५.२.१.२: कार्यान्वयन तहको कार्यान्वयन योजना

| कार्य |
|---|
| प्रत्येक पुनरावेदन र जिल्ला अदालतहरूमा योजना हेर्ने १ जना न्यायाधीश तोकी अन्य सहयोगी कर्मचारीहरू सहितको योजना समिति निर्माण गर्ने |
| पुनरावेदन र जिल्ला अदालतहरूको लागि बजेट माग फाराम तयार गर्दा र योजनाअन्तर्गतका कार्यक्रमतर्फको बजेट खर्चको लागि कार्यक्रम तय गर्दा सम्बन्धित अदालतको योजना समितिसँग अनिवार्य परामर्श र समन्वय गर्ने |
| सबै पुनरावेदन र जिल्ला अदालतहरूले आ व को श्रावण महिनाको १५ गतेभित्र वार्षिक कार्ययोजना बनाइ सर्वोच्च अदालत, योजना कार्यान्वयन सचिवालयमा पठाउने |
| मातहत पुनरावेदन र जिल्ला अदालतहरूको योजनाको प्रगति समीक्षा प्रत्येक चौमासिक आधारमा पुनरावेदन अदालतमा गरी सोको प्रतिवेदन सर्वोच्च अदालतको योजना कार्यान्वयन सचिवालयमा पेश गर्ने |
| अदालतहरूले प्रत्येक आ व को वार्षिक कार्ययोजना निर्माण गरेपछि सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने । |

## ५.२.२: मुद्दा व्यवस्थापन पद्दतिमा सुधार गर्ने

## ५.२.२.१: नीतिगत तहको कार्यान्वयन योजना

## क: मुद्दा व्यवस्थापन पद्दतिलाई प्रभावकारी बनाउने

| कार्य | |
|---|---|
| मुद्दा व्यवस्थापन दिग्दर्शन तयार गरी लागू गर्ने | |
| पुनरावेदन तहका मुद्दामा स्थानीय जिल्ला अदालतमार्फत तारिख लिन सकिने व्यवस्था लागू गर्ने | |
| सबै अदालतमा मुद्दाको टिपोट प्रणाली लागू गर्ने | कुनै एउटा अदालतलाई नमूनाका रूपमा तोकी लागू गर्ने |
| | टिपोटको ढाँचा निर्धारण र सफ्टवेयर निर्माण |
| | तोकिएको अदालतका कर्मचारीहरूलाई अनुशिक्षण |
| | टिपोट लागू गर्ने निर्णय |
| | अन्य अदालतहरूमा लागू |
| मुद्दामा हुने बहस व्यवस्थापनलाई प्रभावकारी बनाउन नेपाल बार एवं महान्यायाधिवक्ताको कार्यालयसँग नीतिगत समझदारी कायम गर्ने | |
| इजलास पुस्तिका (बेञ्चबुक ) तयार गरी लागू गर्ने | |

[14] कार्यबोझ बढी भएका अदालत भन्नाले आ. व. २०६९।७० को लगतका आधारमा ३,००० भन्दा बढी संख्यामा मुद्दाको लगत भएका काठमाडौं, सप्तरी, पर्सा, सुनसरी, धनुषा, मोरङ, सिराहा, रौतहट,,बाँके, बारा, सर्लाही, महोत्तरी र ललितपुर जिल्ला अदालतहरू र १५०० भन्दा बढी लगत भएका विराटनगर, राजविराज, जनकपुर, हेटौंडा, पाटन, बुटवल, नेपालगञ्जका पुनरावेदन अदालतहरूलाई जनाउँनेछ ।

| |
|---|
| ● सामान्य इजलास पुस्तिका<br>● बाल इजलास पुस्तिका<br>● वाणिज्य इजलास पुस्तिका<br>● अन्य |
| बयान बकपत्रको कार्यका लागि पेशी चढाई न्यायाधीश स्वयंले गराउने व्यवस्थाको लागि निर्देशन जारी गर्ने |
| कजलिष्ट व्यवस्थापनलाई वस्तुनिष्ठ र पारदर्शी बनाउने उपायहरूको अध्ययन गरी प्रतिवेदन कार्यान्वयन गर्ने |
| १८ महिना अवधि नाघेका मुद्दाहरूमा सोअवधिभित्र फैसला हुन नसक्नुको कारण योजना कार्यान्वयन सचिवालयमा प्रतिवेदन पठाउने प्रबन्ध मिलाउने<br>● प्रतिवेदनको ढाँचा तोक्ने<br>● तोकिएको ढाँचामा प्रतिवेदन पठाउन निर्देशन जारी गर्ने |

## खः म्याद तामेली कार्यलाई प्रभावकारी बनाउने

| कार्य |
|---|
| म्याद तामेलीसम्बन्धी वर्तमान प्रणालीलाई प्रभावकारी बनाउने उपायहरूको बारेमा अध्ययन गरी प्रतिवेदन कार्यान्वयन गर्ने |
| कार्यबोझ बढी भएका अदालत[15]का तामेलदारहरूलाई न्यूनतम मोवाइल शुल्क उपलब्ध गराउने |
| कार्यबोझ बढी भएका अदालतहरूमा तामेलदारहरूलाई मोटरसाइकल उपलब्ध गराउने |

## ग : वढी कार्यबोझ भएका अदालतहरू[१६]मा विशेष अभियान सञ्चालन गर्ने

| कार्य |
|---|
| दरबन्दी अनुसारका न्यायाधीश तथा कर्मचारीहरूको अभाव हुन नदिने र आवश्यकता अनुसार थप जनशक्ति उपलब्ध गराउने |
| आवश्यक स्रोतसाधनहरू प्राथमिकताका साथ उपलब्ध गराउने |
| विशेष अभियान सञ्चालन गरिएका अदालतहरूको प्रभावकारी अनुगमन गर्ने |
| काठमाण्डौ जिल्ला अदालतमा सायमकालीन अदालत सञ्चालन गर्ने |

[15] कार्यबोझ बढी भएका अदालत भन्नाले आ. व. २०६९।७० को लगतका आधारमा ३,००० भन्दा बढी संख्यामा मुद्दाको लगत भएका काठमाडौं, सप्तरी, पर्सा, सुनसरी, धनुषा, मोरङ, सिराहा, रौतहट,,बाँके, बारा, सर्लाही, महोत्तरी र ललितपुर जिल्ला अदालतहरूलाई जनाउँनेछ ।

[16] ऐ. ।

# घ : विशिष्टीकृत इजलास तथा समूह पद्दति लागू गर्ने

<table>
<tr><th colspan="2">कार्य</th></tr>
<tr><td colspan="2">सर्वोच्च अदालतमा पुराना मुद्दाहरू न्यायाधीशहरूको समूह (Panel) लाई जिम्मा लगाई सुनुवाइ गर्ने प्रणालीलाई निरन्तरता दिने</td></tr>
<tr><td colspan="2">पुनरावेदन अदालतमा इजलासका आधारमा मुद्दा जिम्मा लगाउने प्रणालीको स्थापना गर्ने</td></tr>
<tr><td rowspan="3">राजस्व र वाणिज्य न्याय प्रणालीको सुदृढीकरण गर्ने</td><td>हाल गठित वाणिज्य इजलासको क्षेत्राधिकार पुनरावलोकन सम्बन्धमा अध्ययन गर्ने</td></tr>
<tr><td>• वाणिज्य इजलास कार्यविधि नियमावली तर्जुमा गरी लागू गर्ने<br>• वाणिज्य इजलास कार्यविधि दिग्दर्शन तयार गरी लागू गर्ने</td></tr>
<tr><td>पुनरावेदन अदालत, पाटनमा वाणिज्य इजलासको कार्य हेर्न पूर्णकालीन न्यायाधीश तोक्ने व्यवस्था गर्ने</td></tr>
<tr><td rowspan="6">बाल न्याय प्रणालीको प्रवर्द्धन गर्ने</td><td>सबै जिल्ला अदालतहरूमा बाल इजलासलाई विस्तार गर्ने</td></tr>
<tr><td>नमूनाको रूपमा एकीकृत बाल न्याय केन्द्र (One Stop Child Justice Centre) स्थापनाका लागि पहल गर्ने</td></tr>
<tr><td>सबै ५ क्षेत्रमा बाल सुधार गृहको निर्माणका लागि पहल गर्ने</td></tr>
<tr><td>सजाय स्थगनको सुविधा पाएका बालबिज्याँईकर्ताको स्थगन अवधिसम्म अनुगमन गर्ने प्रणाली स्थापनाका लागि आवश्यक व्यवस्था गर्ने</td></tr>
<tr><td>बाल सुधार गृहमा राखिएका बालबालिकाको अवस्था र संचालित सुधार कार्यक्रमको न्यायिक अनुगमन हुने प्रणाली स्थापना गर्ने</td></tr>
<tr><td>बाल न्याय प्रणालीमा पुनर्स्थापकीय न्याय, सामाजिक पुनर्एकीकरण र दिशान्तरको अवधारणा प्रयोगका लागि आवश्यक व्यवस्था गर्न पहल गर्ने</td></tr>
</table>

# ङः मुद्दासँग सम्बन्धित जिन्सी  व्यवस्थापन गर्ने

| कार्य |
|---|
| जिन्सी सामान व्यवस्थित गर्ने सम्बन्धी नीति पारित गरी लागू गर्ने |
| मुद्दासँग सम्बन्धित जिन्सी समानहरू व्यवस्थित गर्न उपयुक्त प्रणालीको विकास गर्ने<br>• मुद्दा दर्ता हुँदाकै अवस्थामा जिन्सी सामानको मूल्याङकन गराई पेश गर्ने प्रणालीको विकास गर्ने<br>• हाल रहेका जिन्सी सामानहरूको लिलाम बिक्री र व्यवस्थापनका लागि विद्यमान कानून र कार्यविधिमा सुधार गर्ने । |

# चः मुद्दासँग सम्बन्धित धरौट र जेथा जमानतलाई व्यवस्थापन गर्ने

| कार्य |
|---|
| धरौट तथा जेथा जमानतलाई व्यवस्थित गर्ने प्रणालीको विकास गर्ने र जेथा जमानतसम्बन्धी विषयमा सुधारका लागि आवश्यक अध्ययन गरी विद्यमान कानून र कार्यविधिमा परिमार्जन गर्ने । |
| जेथा जमानतमा रहेका सम्पत्तिहरू लिलाम बिक्री र जफत गर्न नियमावलीमा आवश्यक सुधार गर्ने । |
| फिर्ता पाउनुपर्ने कोर्टफी तथा जरीवाना बापत बुझाएको रकम सम्वन्धित अदालतको खाताबाटै फिर्ता दिने गरी आवश्यक रकम र अख्तियारी दिने व्यवस्था मिलाउने |

## छ: मुद्दामा लागेको दण्ड जरीवानाको अभिलेख तथा असूलीलाई प्रभावकारी बनाउने

| कार्य |
|---|
| दण्ड जरीवानाको अभिलेख प्रणाली सुदृढ गर्न पुराना तथा अस्पष्ट लगत भएका अभिलेखहरूको फछ्र्यौट तथा कट्टा सम्बन्धमा नीति बनाई आवश्यक कानूनी सुधार गर्ने |
| दण्ड जरीवानाको असुलीलाई प्रभावकारी बनाउन बढी लगत भएका अदालतहरू[१७]मा विशेष अभियान सञ्चालन गर्ने |
| दण्ड जरीवाना लागेका व्यक्तिहरूको बारेमा सम्बन्धित निकायलाई अधिकतम् जानकारी प्राप्त हुने प्रणालीको विकास गर्ने |
| दण्ड जरीवानाको असूल तहसीलको प्रक्रियालाई सरल र प्रभावकारी बनाउन विद्यमान कानून र कार्यविधिमा आवश्यक सुधार गर्ने |

## ज : केन्द्रीय अभिलेख प्रणालीको विकास गर्ने

| कार्य |
|---|
| केन्द्रीय तहमा अभिलेख संयन्त्र (Central Archieve) स्थापना गर्ने |
| अभिलेख व्यवस्थापन निर्देशिका बनाइ लागू गर्ने । |

## ५.२.२.२: कार्यान्वयन तहको कार्यान्वयन योजना

## क. मुद्दा व्यवस्थापन पद्दतिलाई प्रभावकारी बनाउने

| कार्य |
|---|
| जिल्ला अदालतका तोकिएका मुद्दाहरूमा निरन्तर सुनुवाइ प्रणालीको प्रयोगलाई प्रभावकारी बनाउने |
| सबै अदालतहरूलाई नापी विभागद्वारा तयार गरिएको जिल्ला नक्सा उपलब्ध गराउने |
| जग्गा नाप जाँचका लागि Total Station Machine लाई प्रयोगमा ल्याउने |
| मुद्दा दर्ता गर्दाकै अवस्थामा पक्षहरूको वतन गा वि स/न.पा.हरूको जिल्ला नक्सा पुस्तिकाबाट यकीन गरेरमात्र दर्ता गर्ने परिपाटी अपनाउने |
| म्याद तामेली कार्यको अभिलेखलाई व्यवस्थित गरी हाल दिई आएको प्रोत्साहन भत्तालाई म्याद तामेली कार्यसम्पादनसँग आबद्ध तुल्याउने |
| तामेलदार र स्थानीय निकायका सचिवहरूसँग कम्तीमा वर्षको १ पटक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने |
| मुद्दा दर्ता प्रक्रियामा कुपन प्रणाली लागू गर्ने |
| आर्थिक वर्षको अन्तमा १८ महिना नाघेका मुद्दाहरू बाँकी रहेमा यस्ता मुद्दाहरू १८ महिनाभित्र फैसला हुन नसक्नुको कारण सहितको विवरण योजना कार्यान्वयन सचिवालयमा पठाउने । |

[17] बढी लगत भएका अदालत भन्नाले झापा, मोरङ, सुनसरी, सिराहा, सप्तरी, धनुषा, पर्सा, काठमाडौं, नवलपरासी, रुपन्देही, कपिलवस्तु, सर्लाही, बारा र बाँके जिल्ला अदालतलाई जनाउँनेछ ।

## ख: मुद्दासँग सम्बन्धित जिन्सी  व्यवस्थापन गर्ने

| कार्य |
|---|
| जिन्सी सामानको पहिचान हुने उपयुक्त विवरण जनाई सुरक्षित स्थानमा राख्ने |
| जिन्सी सामानहरूको नियमित रूपमा लिलाम बिक्री गर्ने । |

## ग. मुद्दासँग सम्बन्धित धरौट र जेथा जमानतलाई व्यवस्थापन गर्ने

| कार्य |
|---|
| धरौट तथा जेथा जमानतको अभिलेख सफ्टवेयरमा इन्ट्री गरी अध्यावधिक गर्ने |
| कोर्ट फी तथा जरीवाना फिर्ता पाउने गरी मुद्दाको अन्तिम किनारा भएमा सम्बन्धित अदालतबाट तुरुन्त  निवेदकलाई फिर्ता दिन आवश्यक व्यवस्था गर्ने  । |

## घ. मुद्दामा लागेको दण्ड जरीवानाको अभिलेख तथा असूलीलाई प्रभावकारी बनाउने

| कार्य |
|---|
| हरेक अदालतले असूल गर्नुपर्ने लगतलाई अवधिगत, मुद्दागत, व्यक्तिगत आधारमा लगत तयार गरी अद्यावधिक डाटावेस तयार गर्ने |
| सबै अदालतबाट अवधिगत, मुद्दागत, व्यक्तिगत आधारमा दण्ड जरीवानाको अभिलेख संकलन गरी अद्यावधिक एकीकृत डाटावेस तयार गरी राख्ने |
| दण्ड जरीवाना लागेका व्यक्तिहरूको विवरण प्रकाशन गर्ने । |

## ङ. केन्द्रीय अभिलेख प्रणालीको विकास गर्ने

| कार्य |
|---|
| छिनुवा मिसिलहरूलाई व्यवस्थित गर्ने<br>• छिनुवा मिसिलहरूको विवरण अद्यावधिक गर्ने<br>• सफ्टवेयरमा इन्ट्री गर्न बाँकी मिसिलहरूको विवरण इन्ट्री गर्ने<br>• दराजबाहिर रहेका छिनुवा मिसिलहरूलाई दराज भित्र राख्ने<br>• मुद्दाका सडाउनुपर्ने मिसिलका कागजहरू नियमित रूपमा सडाउने । |

## ५.२.३: मानव संसाधन व्यवस्थापनलाई प्रभावकारी बनाउने

## ५.२.३.१: नीतिगत तहको कार्यान्वयन योजना

### क. संस्थागत सुदृढीकरण गर्ने

| कार्य |
|---|
| मानव संसाधन महाशाखाको स्थापना र सुदृढीकरण गर्ने |
| न्यायपालिकामा अधिकृतमूलक पद्धति लागू गर्न बढ्दो कार्यबोझ र सूचना प्रविधिको प्रयोगको अनुपातमा आवश्यक पर्ने विभिन्न तहका जनशक्तिको यकीन गर्न सँगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने |
| सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा दरवन्दी सिर्जना गर्न पहल गर्ने । |

### ख. जनशक्ति आपूर्ति र वृत्ति विकास योजना लागू गर्ने

| कार्य |
|---|
| न्यायपालिकामा गरिने न्यायाधीश नियुक्तिलाई प्रतिनिधिमूलक र समावेशी बनाउन न्याय परिषदसँगको समन्वयमा नीति तय गर्ने |
| समयमै दरवन्दीबमोजिमको आवश्यक कर्मचारीहरू आपूर्ति हुने व्यवस्थाका लागि सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गर्ने<br>● न्याय सेवा आयोग<br>● लोक सेवा आयोग |
| सर्वोच्च अदालतलगायतका अन्य अदालतहरूमा  न्यायाधीशहरूको पदपूर्ति रिक्त भएको १ महिनाभित्र हुने सुनिश्चितता कायम गर्न न्याय परिषदसँगको समन्वयमा उपयुक्त नीति तय गर्ने |
| न्यायपालिकाको सहायक तहमा कानून अध्ययन नगरेका जनशक्ति प्रवेश गरिरहेका र अधिकृत तहमा पर्याप्त संख्यामा उम्मेद्वारिता नपरिरहेको सन्दर्भमा समस्या समाधानका लागि सम्बन्धित अध्ययन संकाय, नेपाल सरकारका सम्बन्धित मन्त्रालय एवं उम्मेद्वार छनौट गर्ने निकायहरूसँग अन्तरक्रिया गरी आवश्यक नीति तय गर्ने |
| न्यायपालिकामा नयां जनशक्तिको आकर्षण बढाउन र हाल कार्यरत जनशक्ति सेवामा निरन्तर रहीरहने अवस्था सिर्जना गर्न सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरी दीर्घकालीन र अल्पकालीन नीति तय गर्ने |
| न्याय सेवाप्रति महिला उम्मेद्वारहरुको आकर्षण र प्रतिस्पर्धात्मक क्षमता बढाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने<br>● सेवा प्रवेशको तयारी कक्षा सञ्चालन<br>● उच्च शिक्षा अध्ययन तथा तालिम कार्यक्रमहरुमा महिला कर्मचारीहरुका लागि निश्चित प्रतिशत् निर्धारण गरी मनोनयन गर्ने |
| अदालतमा काम गर्ने कर्मचारीहरूको सेवालाई विशिष्टीकृत सेवाको रूपमा विकास गर्न पहल गर्ने |

| |
|---|
| न्यायाधीशहरूको सरुवालाई निश्चित मापदण्डमा आधारित हुने गरी न्याय परिषद्सँगको समन्वयमा सरुवा नीति र तालिका बनाउन पहल गर्ने |
| कर्मचारीहरूको सरुवालाई निश्चित मापदण्डमा आधारित हुने गरी सरुवा नीति बनाइ लागू गर्ने |
| कर्मचारीहरूको कार्यविवरण अद्यावधिक गरी लागू गर्ने |
| न्यायाधीश र कर्मचारीको गुनासो सुन्ने संयन्त्र स्थापना गर्ने |
| कर्मचारीलाई प्राप्त हुने गरेको प्रोत्साहन भत्तालाई नतिजामुखी बनाउने |
| सर्वोच्च अदालतमा प्राथमिक उपचारको लागि फिजिसियन डाक्टरको सेवासहितको स्वाथ्य सेवा उपलब्ध गराउने र अन्य अदालतहरुमा समेत सम्भाव्यता र आवश्यकताको आधारमा सेवा विस्तार गर्दै जाने |
| न्यायाधीश र कर्मचारीहरूको एकीकृत सेवा शर्तसम्बन्धी ऐन निर्माणका लागि ऐनको मस्यौदा गरी निर्माणका लागि पहल गर्ने |
| न्यायाधीशहरूको सेवा शर्त सुविधा वृद्धिका लागि सेवा शर्तसम्बन्धी ऐनमा संशोधन गर्न मस्यौदा सहित पहल गर्ने । |

## ग. मानव संसाधनको क्षमता अभिवृद्धि गर्ने

| कार्य |
| --- |
| जनशक्तिका लागि तालिम आवश्यकता पहिचान गर्ने |
| तालिम आवश्यकताको आधारमा तालीम योजना तर्जुमा गरी कार्यान्वयन गर्ने |
| तालिम योजना बनी लागू नभएसम्म देहायका विषयहरूमा मानव संसाधन महाशाखाबाट निर्धारण भएको प्राथमिकताको आधारमा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने गराउने<br>• नेतृत्व विकास<br>• मुद्दा व्यवस्थापन<br>• वाणिज्य कानून<br>• सेवाग्राही सम्बन्ध व्यवस्थापन (Customer Relation Management)<br>• रणनीतिक योजनाको कार्यान्वयन र अनुगमन<br>• सूचना प्रविधि<br>• फैसला लेखन<br>• न्यायाधीश र कर्मचारीहरूका लागि बाल न्यायसम्बन्धी आधारभूत तालिम र पुनर्ताजगी तालिम<br>• बाल मनोविज्ञानवेत्ता र सामाजिक कार्यकर्ताहरू सहितको सहभागितामा बाल न्यायसम्बन्धी अनुभव आदान प्रदान<br>• नयाँ बाल मनोविज्ञानवेत्ता र सामाजिक कार्यकर्ताहरूका निम्ति बाल न्यायसम्बन्धी ३ महिने तालिम<br>• पीडित बालबालिका एवं साक्षीको संरक्षण<br>• न्यायिक क्षेत्रमा विकसित नवीनतम् विधिशास्त्र<br>• म्याद तामेली<br>• फैसला कार्यान्वयन<br>• अनुसन्धान विधि<br>• मेलमिलाप<br>• Total Station Machine को प्रयोग (अमिनहरूका लागि)<br>• भू-स्वामित्व प्रणाली र जग्गा नापजाँच । |
| नवीनतम् न्यायिक व्यवस्थापन विधिको प्रयोगका सम्बन्धमा विकसित अभ्यासहरूको अध्ययनका लागि न्याय क्षेत्रका देहायका सरोकारवालाहरू मध्येबाट संयुक्त टोली वैदेशिक भ्रमणमा पठाई फर्केपछि नेपालका सरोकारवालाहरूसँग अनुभव आदान प्रदान गराई न्यायिक व्यवस्थापन सुधारमा अनुकूल वातावरण निर्माण गर्ने<br>• सर्वोच्च अदालतका न्यायाधीश र अन्य न्यायाधीशहरू<br>• न्याय परिषद्का सदस्य<br>• कानून तथा न्याय मन्त्रालयका वरिष्ठ अधिकृत<br>• रजिष्ट्रार र व्यवस्थापन तहमा कार्यरत अधिकृतहरू<br>• महान्यायाधिवक्ता कार्यालयका वरिष्ठ अधिकृतहरू |

| |
|---|
| • बारका अध्यक्ष वा न्यायिक व्यवस्थापन सुधारमा योगदान दिन सक्ने वरिष्ठ अधिवक्ताहरू<br>• कानून पत्रकारहरू<br>• अदालतका सहायक तहका कर्मचारीहरू |
| न्यायाधीश र कर्मचारीहरूका निम्ति वैदेशिक अध्ययन भ्रमणहरूको आयोजना गर्ने |
| कानून र न्यायका विषयमा उच्च अध्ययनको अवसर सिर्जन ।गर्ने |
| क्षेत्रीय र राष्ट्रिय तहमा आवधिक सम्मेलनहरू गर्ने<br>• न्यायाधीशहरूको राष्ट्रिय सम्मेलन<br>• न्यायाधीशहरूको क्षेत्रीय सम्मेलन<br>• रजिष्ट्रारहरूको सम्मेलन<br>• स्रेस्तेदारहरूको सम्मेलन<br>• तहसीलदारहरूको सम्मेलन |

## ५.२.४: अदालतहरूको भौतिक पूर्वाधार विकास गरी आधुनिक मापदण्डअनुरूप तुल्याउने

## ५.२.४.१: नीतिगत तहको कार्यान्वयन योजना

## क. अदालतको लागि जग्गा प्राप्ति गर्ने र भवन निर्माण गर्ने

| कार्य |
|---|
| विशिष्टीकृत अदालतको स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने गराउने ( शीघ्र कारवाही अदालत (Fast Track Court), वाणिज्य अदालत, बाल अदालत आदि ) |
| अदालत भवन निर्माणका लागि विद्यमान मापदण्डको पुनरावलोकन गरी आधुनिक मापदण्ड निर्माण गर्ने |
| फैसला कार्यान्वयन निर्देशनालय र अन्य ८ वटा अदालतहरूका लागि आवश्यक जग्गा प्राप्त गर्ने |
| सर्वोच्च अदालत र अन्य ८ वटा अदालतहरूको आधुनिक मापदण्डबमोजिमको भवन निर्माण गर्ने |
| निर्माणाधीन ९ वटा अदालत भवनहरूको निर्माण कार्य सम्पन्न गर्ने |
| न्यायाधीशहरूलाई आवश्यक सुरक्षाकर्मी सहितको उपयुक्त आवासगृहको मापदण्ड बनाइ सो बमोजिमका भवनहरू निर्माण गर्ने |
| मापदण्डबमोजिम नभएका विद्यमान अदालत भवनहरूको स्तरोन्नतिका लागि थप निर्माण कार्य गर्ने |
| विशेष अदालत र अन्य न्यायाधिकरणहरूका लागि एकीकृत न्यायिक परिसर (Judicial Complex) निर्माण गर्ने |
| न्यायिक सँग्रहालय (Judicial Museum) स्थापनाका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने |
| सबै अदालतहरुमा क्रमशः शिशुस्याहार कक्षको स्थापना गरी सञ्चालन गर्ने । |

## खः सवारी साधन, मेशिनरी औजार तथा फर्निचरको खरीद तथा वितरणको व्यवस्था गर्ने

| कार्य | |
|---|---|
| सवारी साधन खरीद गर्ने | भि.आई.पी. जीप १ वटा, पीक अप भ्यान २ र अन्य जीप ३५ वटा, कार १६० थान, ग वर्गका जिल्ला अदालतका तामेलदारसमेतको लागि मोटरसाइकल १७० थान, साइकल २५० थान |
| | महिला कर्मचारीहरुका लागि प्राथमिकताकासाथ सबारी साधन उपलव्ध गराउने |
| | अपाङ्गता भएका कर्मचारीहरुका लागि शारीरिक आवश्यकता अनुसारको सहयोगी साधन (व्हीलचेयर, बैशाखी आदि) उपलब्ध गराउने |
| | १५०० थान कम्प्युटर, उक्त कम्प्युटरहरूलाई पुग्ने युपिएस, ५०० थान ल्याप टप, प्रिन्टर १५० थान, फ्याक्स मेसिन ७५ थान, फोटोकपि मेसिन ३५ वटा, स्क्यानर थान १०० |
| सबै अदालतलाई पुग्ने गरी कम्प्युटरलगायतका मेशिनरी सामग्री खरीद गरी वितरण गर्ने । | १५०० थान कम्प्युटर, उक्त कम्प्युटरहरूलाई पुग्ने युपिएस, ५०० थान ल्याप टप, प्रिन्टर १५० थान, फ्याक्स मेसिन ७५ थान, फोटोकपि मेसिन ३५ वटा, स्क्यानर थान १०० |
| कम्तीमा तराईका अदालतहरूमा एअर कन्डिशनर (एअर कटरसहित) १३५ थान खरीद गरी जडान गर्ने | |
| आवश्यकताअनुसार योजना बनाई सम्बन्धित अदालतहरूले फर्निचर खरीद गर्ने व्यवस्था मिलाउने | |

## गः सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याउने

| कार्य |
|---|
| सुरक्षा योजना समितिद्वारा तयार गरिएको सुरक्षा योजना प्रतिवेदन, २०६६ कार्यान्वयन गर्ने |
| सुरक्षा जोखिम न्यूनीकरण गर्न अदालत प्रवेशद्वारमा सुरक्षा यन्त्रको प्रयोग गर्ने |
| अदालतका लागि उपलब्ध सुरक्षाकर्मीहरूलाई सुरक्षा व्यवस्थापनमा प्रभावकारी प्रयोगका लागि नीति तय गरी लागू गर्ने । |

## घः पुस्तकालयलाई सुदृढ तुल्याउने

| कार्य |
|---|
| जिल्ला र पुनरावेदन अदालतहरूमा पुस्तकालय सुदृढीकरणका लागि अध्ययन गरी आवश्यकता पहिचान गर्ने |
| पुस्तक खरीदका लागि बजेट विनियोजन हुँदाका अवस्थामा नै छुट्टै बजेट विनियोजन गर्ने परिपाटी |

| |
|---|
| कायम गर्ने । |
| अदालतका पुस्तकालयहरूका लागि पुस्तक खरीद गर्ने |

## ५.२.५: अदालत व्यवस्थापनमा सूचना र सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्ने

## ५.२.५.१: नीतिगत तहको कार्यान्वयन योजना

<table>
<tr><th colspan="2">कार्य</th></tr>
<tr><td colspan="2">सूचना तथा सञ्चार प्रविधि प्रयोगको वर्तमान अवस्थाको विश्लेषण गर्ने</td></tr>
<tr><td colspan="2">मिति २०६६।१२।२७ को सूचना प्रविधि समितिको निर्णयानुसार न्यायपालिकाको न्यायिक, प्रशासनिक, लेखा, सुरक्षालगायतका सम्पूर्ण काम कारवाहीहरूलाई सूचना तथा सञ्चार प्रविधिमा आबद्ध गरी विद्युतीय माध्यमबाट सञ्चालन गर्ने र कागजविहिन अदालत (Paperless Court) स्थापनाको लागि देहायका विषयहरू सहितको नीति र योजना विकास गरी क्रमशः लागू गर्ने<br><br>• SMS सेवाको सञ्चालन<br>• मुद्दाको कारवाहीको अवस्थाका बारेमा पक्षहरूलाई IVRS मार्फत जानकारी<br>• स्वचालित पेशी पद्दति<br>• मुद्दा सुनुवाइका लागि इजलास तोक्ने<br>• अनलाइन कजलिष्ट प्रकाशन<br>• विद्युतीय पत्राचार<br>• फैसला तथा सूचनाहरू अपलोड<br>• सेवाग्राहीहरूद्वारा प्रयोग गरिने लिखतहरूको टेम्प्लेट वेबसाइटमा उपलब्ध<br>• अनलाइन टिप्पणी लेखन<br>• Mobile Jammer<br>• बहस समयसूचक<br>• सुरक्षा निगरानी (surveillance)<br>• निकासा र खर्च भएको रकम तथा राजस्वको अदालतपिच्छेको शीर्षकगत विवरण<br>• अदालतहरूले खरीद गर्ने र खर्च नहुने गाडी, कम्प्युटरलगायतका कार्यालय सामान र फर्निचरहरूको विवरण<br>• अदालतहरूको भौतिक अवस्थाको प्रोफाइलिङ<br>• साक्षीको बकपत्रलगायत इजलासमा हुने कारवाहीको रेकर्डिङ र डिस्प्ले<br>• भिडियो कन्फरेन्सिङ<br>• मुद्दाको अनलाइन दर्ता ।</td></tr>
<tr><td rowspan="2">सूचना र सञ्चार प्रविधिका सम्बन्धमा विद्यमान संरचना र प्रणालीहरूको</td><td>सूचना प्रविधिसम्बन्धी जनशक्तिको क्रमशः सबै जिल्ला अदालतहरूमा व्यवस्था गर्ने</td></tr>
<tr><td>मुद्दा व्यवस्थापनका सम्बन्धमा विकसित LIC/CMS सम्बन्धी सफ्टवेयरलाई आवश्यकता अनुसार परिमार्जन गरी यसको प्रयोगलाई</td></tr>
</table>

<table>
<tr><td rowspan="2">उपयोगलाई प्रभावकारी बनाउने</td><td>निरन्तरता दिने</td></tr>
<tr><td>नियमित विद्युत आपूर्तिको लागि वैकल्पिक ऊर्जाको रूपमा सबै अदालतहरूमा सौर्य ऊर्जाको व्यवस्था गर्ने</td></tr>
<tr><td colspan="2">हाल कार्यान्वयनमा रहेका देहायका सफ्टवेयरहरूको प्रयोगलाई अद्यावधिक गरी निरन्तरता दिने<br>● दण्ड जरीवाना<br>● अभिलेख व्यवस्थापन<br>● फैसला अपलोड<br>● Web-portal<br>● मुद्दा खोजी</td></tr>
<tr><td colspan="2">अदालतको प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिसँग आबद्ध गराई अनलाइनमार्फत पठाउन सकिने व्यवस्था लागू गर्ने</td></tr>
<tr><td colspan="2">सर्वोच्च अदालतमा इ-लाइब्रेरीको विकास गर्ने</td></tr>
<tr><td colspan="2">फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदन र निवेदन दर्ता हुनासाथ संक्षिप्त टिपोट इन्ट्री गरी अन्य कारवाहीहरूको समेत छोटकरी विवरण LIC/CMS मा इन्ट्री गर्दै जाने</td></tr>
<tr><td colspan="2">अदालतको कोड नं र मुद्दाको नामाकरणसम्बन्धी एकीकृत प्रणाली लागू गर्ने</td></tr>
<tr><td colspan="2">प्रधानन्यायाधीशको कार्यकक्षमा सबै न्यायाधीशहरूको नियुक्ति, पदस्थापन र सरुवाको विवरण देखिने सफ्टवेयरको निर्माण गरी प्रयोगमा ल्याउने</td></tr>
<tr><td colspan="2">जिल्ला न्यायाधीशको वार्षिक मुद्दा फछ्र्यौट लक्ष्य र फछ्र्यौट संख्याको विवरण अद्यावधिक देखिने सफ्टवेयरको निर्माण गरी लागू गर्ने</td></tr>
<tr><td colspan="2">छिनुवा मिसिलको विद्युतीय अभिलेख तयार गर्ने ।</td></tr>
</table>

## ५.२.५.२: कार्यान्वयन तहको कार्यान्वयन योजना

| कार्य |
|---|
| जिल्ला अदालतहरूको कजलिष्ट अनलाइनमा प्रकाशन गर्ने |
| फैसला वेबसाइटमा अपलोड गर्ने प्रक्रियालाई अनिवार्य बनाउने |
| अदालतबाट सम्पादन हुने सम्पूर्ण काम कारवाहीलाई युनिकोड मार्फत सञ्चालन हुने व्यवस्थालाई प्रभावकारी बनाउने |
| कर्मचारीहरूको प्रशासनसम्बन्धी सफ्टवेयर (PIMS) आवश्यक परिमार्जन सहित लागू गर्ने |

## ५.२.६: न्यायिक स्वतन्त्रता र स्वायत्तताका मूल्यहरूको जगेर्ना गर्ने

## ५.२.६.१: नीतिगत तहको कार्यान्वयन योजना

| कार्य |
|---|
| न्यायपालिकाको सम्पूर्ण खर्च सर्वसञ्चित कोष माथि व्ययभार हुने गरी भावी संविधानमा व्यवस्थाका लागि पहल गर्ने |
| न्यायपालिकाका लागि विनियोजन हुने बजेट प्रणाली न्यायपालिकाको विशेष आवश्यकता अनुरूप हुने गराउन पहल गर्ने<br>● योजनाअन्तर्गतका शीर्षकका आधारमा बजेट विनियोजन र निकासा । |
| न्यायपालिकाका लागि विनियोजन भई आएको बजेटको परिधिभित्र रहेर आन्तरिक बाँडफाँड र रकमान्तरको अधिकार न्यायपालिका मै हुने व्यवस्थाका लागि पहल गर्ने |
| न्यायपालिकाका लागि स्वीकृत कूल दरबन्दीको अधीनमा रही विभिन्न अदालतहरूमा कार्यबोझको अनुपातमा दरबन्दी व्यवस्थापन गर्ने अधिकार न्यायपालिका स्वयंलाई हुने व्यवस्थाका लागि पहल गर्ने |
| न्यायाधीशहरूको पारिश्रमिक र सेवा शर्त सुविधाका बारेमा विभिन्न मुलुकहरूको तुलनात्मक अध्ययन गरी प्रतिवेदन कार्यान्वयनका लागि पहल गर्ने |
| संविधानमा न्यायपालिकामा काम गर्ने न्यायाधीश र कर्मचारीहरूका लागि एकीकृत छुट्टै सेवा शर्त सम्बन्धी कानून निर्माण गर्न सकिने व्यवस्था समावेश गर्न पहल गर्ने |
| नियमित अदालतहरूको क्षेत्राधिकार बाहिर पारिएका विवादहरूको निरोपण अदालतहरूबाटै गर्ने व्यवस्थाको लागि सम्भाव्यता अध्ययन गरी प्रतिवेदन लागू गर्न पहल गर्ने |
| न्याय प्रशासनसँग सम्बन्धित कार्यविधिगत व्यवस्था आफैँ गर्न सक्ने व्यवस्था गर्न पहल गर्ने |
| छुट्टै न्यायिक जिल्ला (Judicial District) निर्धारणको वैज्ञानिक आधार तय गरी सोही आधारमा अदालतका मुकामहरू तोक्न नेपाल सरकारसमक्ष पहल गर्ने । |

## ५.२.७: न्यायिक उत्तरदायित्व र उत्पादकत्व वृद्धि गर्ने

## ५.२.७.१: नीतिगत तहको कार्यान्वयन योजना

| कार्य |
|---|
| न्यायाधीशहरूको कार्यसम्पादन मापदण्ड निर्धारण गरी लागू गर्ने[18] |
| न्यायाधीशहरूबाट भएका फैसलाहरूको एकीकृत अभिलेख राख्ने प्रणाली विकास गर्ने |
| न्यायाधीशहरू इजलास बसेको समय (Judicial Hour) को अभिलेख राख्ने |
| न्यायाधीशहरूको सम्पत्ति विवरण अद्यावधिक गर्न न्याय परिषद्सँग समन्वय गर्ने |
| न्यायाधीशहरूका लागि प्रयोग भई आएको पोशाकको पुनरावलोकन गरी विशेष पोशाक निर्धारण गर्ने |
| रजिष्ट्रार, स्रेस्तेदार र फाँटवाला कर्मचारीहरूको जिम्मेवारी सहितको कार्य सम्पादन मापदण्ड तयार गरी लागू गर्ने |
| न्यायाधीशहरूको आचार संहिता पालना भए नभएको अनुगमन गर्न आचारसंहिता अनुगमन समिति (Judicial Oversight Committee) स्थापना गर्ने |
| न्यायपालिकामा कार्यरत कर्मचारीहरूले गरेका अनियमितता र भ्रष्टाचारमा प्रारम्भिक अनुसन्धान गर्ने समेतका कार्यहरू Judicial Oversight Committee ले गर्ने गरी कार्यादेश तोक्ने |
| न्यायपालिकाका कर्मचारीहरूको आचार संहिता बनाई लागू गर्ने |
| जिल्ला अदालतमा मुद्दा जिम्मा लगाउने प्रणालीलाई बढी पारदर्शी बनाउन उपयुक्त संयन्त्रको निर्माण गर्ने |
| न्यायपालिकामा हुने भ्रष्टाचार नियन्त्रणका लागि न्याय परिषद्सँग समन्वय गरी निरोधात्मक र दण्डात्मक उपायहरूको प्रभावकारी कार्यान्वयन गर्ने |
| हरेक अदालतमा हुने बजेट निकासा र खर्चको प्रतिवेदन योजना कार्यान्वयन सचिवालयमा गर्नुपर्ने प्रणाली स्थापना गर्ने । |

---

[18] न्यायाधीशको कार्यसम्पादन मापदण्ड निर्धारण गर्दा देहायको सूचकहरूको आधारमा न्यायाधीशपिच्छेको कार्यसम्पादन अभिलेख राखी सम्बन्धित न्यायाधीशको इजलासमा पेश भएका जम्मा मुद्दा संख्या र अदालतमा उपस्थित दिनको अनुपातमा कार्यसम्पादन बापत प्राप्त अङ्क गणना गर्न उपयुक्त हुने ।

क. हारजित फैसलाका लागि प्रतिमुद्दा अङ्क १

ख. बयान बकपत्र, थुनछेक आदेश, तायदाती माग्ने आदेश, दण्डसजायको ६१ नं आदेश, अन्तरिम आदेश, अन्तरकालीन आदेश, कैफियत प्रतिवेदन, विपक्षी झिकाउने आदेश, जाँचबुझ अधिकारी नियुक्तिको आदेश, लिक्वीडेटर नियुक्तिको आदेश, पुनर्संरचना आदेश, करार ऐन दफा ८७ अन्तर्गतको अन्तरिम आदेश, ०.५०

ग. मुलतवी, डिसमिस, तामेली, अ.वं ९२ नं बमोजिमको मुद्दा फिर्ता, मिलापत्र ०.२५

घ. अधिकृत वारेसनामा, म्याद थप आदेश, मुद्दा दर्ता गर्ने अनुमति निवेदनउपरको आदेश, कारण देखाउ आदेश ०.१०

## ५.२.८: न्याय क्षेत्रका सरोकारवालाहरूसँगको सम्बन्ध र समन्वयलाई सुदृढ गर्ने

## ५.२.८.१: नीतिगत तहको कार्यान्वयन योजना

## क. सरोकारवाला निकायहरूसँगको सम्बन्ध र समन्वय अभिवृद्धि गर्ने

| कार्य |
| --- |
| न्यायपालिकाको रणनीतिक योजना कार्यान्वयनको विषय राष्ट्रिय योजनाको आधारपत्रमा समावेश भएको सन्दर्भमा कार्यान्वयनका लागि आवश्यक बजेट एवं स्रोत साधनहरूको विनियोजनका लागि पहल गर्ने |
| विभिन्न तहका न्याय क्षेत्र समन्वय समितिहरूबाट प्रस्तुत गर्नुपर्ने प्रतिवेदन प्रणालीलाई नियमित र प्रभावकारी बनाउन अनुगमन कार्यलाई सुदृढ तुल्याउने |
| योजना कार्यान्वयनमा सहयोग अभिवृद्धिका लागि सरकारी वकील, बार र प्रहरीलगायत सबै सरोकारवालाहरूसम्म योजनाका सम्बन्धमा जानकारी सम्प्रेषण गर्ने नीति तय गरी त्यसका लागि आवश्यक स्रोत साधन उपलब्ध गराउने |
| समग्र न्याय प्रशासन एवं फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउन विभिन्न निकायहरू बीच हुनु पर्ने सहयोग र समन्वयका क्षेत्रहरूको पहिचान गरी नीतिगत तहमा गरिनुपर्ने व्यवस्थाका लागि केन्द्रीय तहमा पहल गर्ने र कार्यान्वयन तहमा हुनुपर्ने विषयहरूमा मातहत निकायहरू लाई निर्देशन गर्ने । |

## ख. दातृ निकायहरूसँगको सहकार्यलाई व्यवस्थित गराउने

| कार्य |
| --- |
| दातृ निकायहरूसँग लिइने सहयोगको विषय र क्षेत्र एवं सोको परिचालनका सम्बन्धमा नेपाल सरकारका सम्बन्धित निकायहरूसँग समेत समन्वय गरी नीति तय गर्ने |
| दातृ निकायहरूबाट प्राप्त हुने सहयोगलाई न्यायपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाहित हुने व्यवस्था कायम गर्ने |
| न्यायपालिकाको प्राथमिकतामा परे बाहेकका अन्य क्षेत्रमा दातृ निकायहरूले आफूखुशी खर्च गर्ने प्रवृत्तिलाई सम्बन्धित निकायहरूसँग समन्वय गरी निरुत्साहित गर्ने । |

## ग. गैरसरकारी संस्थाहरूसँगको सहकार्यलाई व्यवस्थित गर्ने

| कार्य |
|---|
| न्याय क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसँग समन्वयका लागि संयन्त्र निर्माण गर्ने |
| न्याय क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसँगको सहकार्यलाई व्यवस्थित गर्न नीति तय गर्ने |
| न्याय क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसँग अन्तरक्रिया गरी सहकार्यका क्षेत्रहरू पहिचान गर्ने |
| गैरसरकारी संस्थाहरूसँग समन्वय गरी ती संस्थाहरूका कार्यक्रमहरूलाई योजनाद्वारा प्राथमिकता दिइएका क्षेत्रमा परिचालन हुने वातावरण कायम गर्ने |
| न्याय क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूसँग वार्षिकरूपमा बैठक गरी न्यायिक सुधारका क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा समीक्षा गर्ने |

## ५.२.८.२: कार्यान्वयन तहको कार्यान्वयन योजना

| कार्य |
|---|
| योजना कार्यान्वयनमा सहयोग अभिवृद्धिका लागि सरकारी वकील, बार र प्रहरीलगायत सबै सरोकारवालाहरूसम्म योजनामा निर्धारित लक्ष्यहरूका सम्बन्धमा जानकारी सम्प्रेषणका लागि कार्यक्रमहरू आयोजना गर्ने |
| न्याय क्षेत्र समन्वय समितिका गतिविधि बारे त्रैमासिक प्रतिवेदन केन्द्रीय न्याय क्षेत्र समन्वय समितिमा पठाउने |
| समग्र न्याय प्रशासन एवं फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउन नीतिगत तहमा गरिनुपर्ने सुधारका लागि केन्द्रीय तहमा लेखी पठाउने र आ-आफ्नो तहमा गरिनुपर्ने सहयोग र समन्वयका क्षेत्रहरूको पहिचान गरी कार्यान्वयन गर्ने |
| सम्बन्धित अदालतहरूले वार्षिक कार्य योजना बनाउंदा र कार्य योजनाको आन्तरिक प्रगति समीक्षा गर्दा सरकारी वकील र बार अध्यक्षलाई समेत समावेश गराउने |
| सम्बन्धित वार र सरकारी वकीलसँग आवधिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने |
| न्यायिक काम कारवाही सम्बन्धी सूचना सही रूपमा सम्प्रेषण हुने स्थिति कायम गर्न स्थानीय सञ्चारकर्मीहरूसँग आवधिक अन्तरक्रिया गर्ने |
| न्यायिक कार्यसम्पादनमा प्रभावकारिता वृद्धिका लागि विधि विज्ञान प्रयोगशाला र विधि विज्ञानवेत्ताहरूसँग समय समयमा अन्तरक्रिया गर्ने । |

## ५.२.९: न्याय र कानूनसम्बन्धी अध्ययन अनुसन्धान एवं प्रकाशन तथा कानूनी सुधार प्रक्रियालाई निरन्तरता दिने

## ५.२.९.१: नीतिगत तहको कार्यान्वयन योजना

### क. न्यायपालिकाभित्र अध्ययन अनुसन्धानका लागि संस्थागत सुदृढीकरण गर्ने

| कार्य |
|---|
| अध्ययन अनुसन्धानका लागि स्थापित अनुसन्धान शाखालाई सुदृढ गराउने<br>● पर्याप्त दक्ष जनशक्ति<br>● अनुसन्धान क्षमता विकास<br>● स्रोत साधनको उपलब्धता |
| अनुसन्धानको वार्षिक योजना निर्माण गरी कार्यान्वयन गर्ने |
| जिल्ला र पुनरावेदन अदालत तहका विषयमा  सम्बन्धित अदालतहरूबाट अनुसन्धान गराउन आवश्यक स्रोतसाधन उपलब्ध गराउने |
| न्याय र कानूनका क्षेत्रमा कार्यरत अनुसन्धान संस्थाहरूसँग समन्वय गरी न्यायपालिकाको अनुसन्धान योजना कार्यान्वयनमा सहयोग प्राप्त गर्ने |
| न्याय र कानूनका क्षेत्रमा विभिन्न संस्थाहरूबाट भएका अनुसन्धानात्मक कृतिहरू संकलन गरी न्यायपालिकाबाट हुने सुधारमा उपयोग गर्न सकिने अवस्थामा राख्ने । |

### ख. न्याय र कानूनसम्बन्धी प्रकाशनलाई व्यवस्थित तुल्याउने

| कार्य |
|---|
| कानून पत्रिकामा प्रकाशित सबै फैसलाहरूको विद्युतीय प्रति तयार गरी विभिन्न विकल्पहरू (search option) सहित सर्वोच्च अदालतको वेबसाइट मार्फत सर्वसाधारण सबैको पहुँचमा पुऱ्याउने |
| महत्वपूर्ण मुद्दाहरूमा भएका आदेश र फैसलाहरूको तत्काल आधिकारिक सूचना सम्प्रेषणका लागि इ-समाचारको व्यवस्था गर्ने |
| महत्वपूर्ण फैसलाहरूको अङ्ग्रेजी अनुवाद गराइ प्रकाशन गर्ने |
| कानून पत्रिका, सर्वोच्च अदालत बुलेटिन र अदालत नियमावलीको प्रकाशनलाई नियमितता दिने |
| विषयगत नजीर सँग्रहको प्रकाशनलाई नियमितता दिने । |

## ग. कानून सुधार र नयाँ कानून निर्माणका लागि पहल गर्ने

| कार्य |
|---|
| न्याय प्रशासनसँग सम्बन्धित विभिन्न रणनीतिक उपायहरू अन्तर्गत उल्लिखित विषयका कानूनहरू सहित देहायका कानूनहरूको संशोधन र निर्माणका लागि कानून तथा न्याय मन्त्रालय, नेपाल कानून आयोग, व्यवस्थापिका संसद लगायतका सरोकारवाला निकायहरूसँग संवादको प्रक्रियालाई अगाडि बढाउने<br>● हदम्याद, म्याद तामेली र धरौट जमानतसम्बन्धी<br>● झुठ्ठा अभिव्यक्ति नियन्त्रण<br>● अभिलेख व्यवस्थापन<br>● अपराध पीडित एवं साक्षी संरक्षण<br>● एकीकृत बाल न्याय केन्द्र (One Stop Child Justice Centre) को स्थापना<br>● कोर्ट फि ऐन<br>● फैसला कार्यान्वयनको कार्यविधिलाई सरल बनाउने<br>● देवानी तथा फौजदारी संहिता<br>● देवानी तथा फौजदारी कार्यविधि संहिता (संहिता पारित नभएसम्म मौजुदा कार्यविधिमा सरलीकरणका लागि आवश्यक कानूनमा संशोधन)<br>● सजाय निर्धारणसम्बन्धी ऐन<br>● मुद्दाको खर्च भराउनेसम्बन्धी ऐन<br>● प्रमाण ऐन |
| नयाँ कानूनहरू तत्काल निर्माण हुन नसक्ने अवस्थामा पनि अदालती कार्यविधिसँग सम्बन्धित कानूनहरू निर्माणमा प्राथमिकताका लागि विशेष पहल गर्ने । |

## परिच्छेद-६

# रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक बजेटको प्रक्षेपण

रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक बजेटको प्रक्षेपण गर्दा न्यायपालिकाबाट सम्पादन हुने नियमित कार्यहरूका लागि आवश्यक पर्ने बजेट यसमा समावेश गरिएको छैन । प्रस्तुत रणनीतिक योजना कार्यान्वयनका सन्दर्भमा आगामी ५ वर्षका लागि मूल रणनीतिहरूको कार्यान्वयनका लागि रु ३६,५६,५८,०००।- र सहयोगी रणनीतिहरूको कार्यान्वयनका लागि रु २०,२४,७५,८६,०००।- गरी जम्मा रु २०,६१,३२,४४,०००।- बजेट आवश्यक पर्ने प्रक्षेपण गरिएको छ ।

परिच्छेद-७

# जोखिम न्यूनीकरणको योजना

## योजना कार्यान्वयनमा रहेको जोखिम र जोखिम न्यूनीकरण योजना

| क्र सं | जोखिम | जेखिम न्यूनीकरणका लागि गर्नुपर्ने कार्य |
|---|---|---|
| १ | बजेट एवं स्रोतसाधनको उपलब्धतामा कमी | राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका सम्बन्धित पदाधिकारीहरूसँग उच्चस्तरमा संवाद |
| २ | कानूनी सुधार कार्यमा विलम्ब | कानून तथा न्याय मन्त्रालय एवं अन्य सम्बन्धित निकायसँग उच्च स्तरमा आवधिक संवाद |
| ३ | रिक्त दरबन्दी समयमा पूर्ति नहुने | ● न्यायाधीश पूर्तिका लागि न्यायपरिषद्सँग समन्वय<br>● अधिकृत पद पूर्तिका लागि न्याय सेवा आयोग र लोक सेवा आयोगसँग समन्वय<br>● रा प अ पद पूर्तिका लागि लोक सेवा आयोगसँग समन्वय<br>● कार्यबोझ बढी भएका अदालतमा सरुवाद्वारा भए पनि तत्काल पूर्ति |
| ४ | असुरक्षाका कारण न्यायिक कामकारवाहीमा अवरोध | सुरक्षा निकायसँग समन्वय |
| ५ | नेतृत्व वर्गमा रणनीतिक सोंच, कार्यशैली र कौशलको अभाव | सर्वोच्च अदालतका उच्च प्रशासकीय नेतृत्वमा रहेका पदाधिकारीहरूका लागि योजना कार्यान्वयन प्रतिको भूमिका, संवेदनशीलता र कार्यशैलीमा गरिनुपर्ने परिवर्तनका सम्बन्धमा योजनाविद्को सहजीकरणमा अन्तरक्रिया |
| ६ | सरोकारवालाहरूसँग सहयोग र समन्वयमा अपर्याप्तता | ● योजनाद्वारा निर्धारित लक्ष्यहरूका सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी सम्प्रेषण<br>● योजना कार्यान्वयनमा सरोकारवालाहरूबाट अपेक्षित भूमिका सम्बन्धमा अन्तरक्रिया |
| ७ | स्रोत साधनको लगानी र योजनाका प्राथमिकताबीच तालमेलको अभाव | प्राप्त बजेट र स्रोत साधनहरूलाई योजनाका क्रियाकलापहरूसँग आवद्ध तुल्याउने |
| ८ | योजना कार्यान्वयन एवं अनुगमनका लागि प्रभावकारी संयन्त्रको अभाव | योजना कार्यान्वयन र अनुगमनका लागि प्रधानन्यायाधीशको प्रत्यक्ष मातहतमा रहने गरी शक्ति सम्पन्न उच्च स्तरीय संयन्त्र निर्माण |
| ९ | परिवर्तनप्रतिको प्रतिरोध | परिवर्तन व्यवस्थापन सम्बन्धमा प्रशिक्षण |
| १० | योजनाप्रति स्वामित्वभावमा कमी | सम्पूर्ण न्यायाधीश र कर्मचारीहरूसम्म योजना सम्बन्धमा जानकारी सम्प्रेषण र अन्तरक्रिया |

# परिदृश्य, परिलक्ष्य र मूल्यहरू

## परिदृश्य

स्वतन्त्र, सक्षम एवं प्रभावकारी न्यायप्रणालीको स्थापना गरी कानूनको शासन एवं नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण गर्दै सबैका लागि न्याय सुनिश्चित गर्नु नेपालको न्यायपालिकाको परिदृश्य हो ।

## परिलक्ष्य

संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वच्छ एवं निष्पक्ष न्यायसम्पादन गर्नु नेपालको न्यायपालिकाको परिलक्ष्य हो ।

## आधारभूत मूल्यहरू

- संविधान र कानूनप्रति आस्था
- स्वतन्त्रता र स्वायत्तता
- स्वच्छता, समानता र निष्पक्षता
- उत्तरदायित्व
- गुणस्तरीयता
- सदाचार
- प्रतिनिधित्व र समावेशिता